जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

आत्महत्या
समस्याको समाधान
होइन,
अमुल्य जीवन त्यसै
खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १३७ • २०७९ साल आश्विन २३ गते आइतबार (9 October, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रत्यक्षतर्फको उम्मेदवारको मनोनयनपत्र दर्ता आज

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि आइतबार उम्मेदवारको मनोनयनपत्र दर्ता हुने भएको छ ।

निर्वाचनमा भाग लिने दल र उम्मेदवारले मनोनयनका लागि आफ्नो तयारी तीव्र बनाएका छन् । आइतबार बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवार आफैं वा उम्मेदवारका प्रतिनिधि र वारेसनामाबाट पनि मनोनयनपत्र दर्ता गर्न सकिने निर्वाचन आयोगले जनाएको छ ।

आयोगले सोका लागि आवश्यक संरचना, जनशक्ति र सुरक्षा प्रबन्धसहित सम्पूर्ण व्यवस्था मिलाइ सकेको जनाएको छ । शनिवार आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आयोग सम्पूर्ण राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्षलाई निर्धक्क भएर मतदाताबीच पुगी अनुमोदित हुने आफ्नो अधिकार प्रयोग गर्न आह्वान गरे ।

उनले मनोनयनपत्र दर्ता गर्दा नेपालको संविधान र विद्यमान कानूनको व्यवस्था र मर्मबमोजिम सबै वर्ग, लिङ्ग, जाति, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवारी मनोनयन गर्न सम्पूर्ण राजनीतिक दललाई आग्रह गरे ।

आयोगद्वारा जारी आचारसंहिताको पूर्ण पालना गर्नसमेत सम्बन्धित सबैमा उनले आग्रह गरे । प्रमुख आयुक्त थपलियाले विविध कारणवश केही दलले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम केही पर सारिदिन वा तीन दिनसम्म उक्त कार्यक्रम निरन्तर गर्न आग्रह गरेको भए पनि दलले प्रायःअन्तिम समयमा मात्रै उम्मेदवारी मनोनयनको निर्णय गर्ने प्रवृत्ति रहेको र विद्यमान कानूनी अवस्थाभित्र निर्वाचन कार्यक्रम हेरफेर गर्ने आधार नदेखिएकाले कार्यक्रम यथावत राखिएको स्पष्ट गरे ।

उनले उम्मेदवारले वारेसनामा वा प्रतिनिधिका माध्यमबाट पनि मनोनयनपत्र दर्ता गराउन सक्ने भएकाले सोका लागि आधिकारिक पत्र, वारेसनामा र निस्साजस्ता कागजात सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उपलब्धसम्म गराएर दल र उम्मेदवारलाई सहजीकरण गर्न आयोग तत्पर रहेको स्पष्ट गर्दै आवश्यकता र औचित्यताका आधारमा निर्वाचन आचारसंहिता, २०७९ मा संशोधन गरिएको जानकारी दिए ।

प्रमुख आयुक्त थपलियाले विगतको अनुभव र प्रतिक्रियालाई आधार मानेर मतदानका दिन व्यवस्थितरुपमा सार्वजनिक सवारी साधन सञ्चालन गराउने सम्बन्धमा सरोकारवाला निकायका प्रतिनिधिसहितको कार्यदल गठन गरिएकाले सो कार्यदलको सुझावबमोजिम कार्यान्वयन गरिने बताए ।

निर्वाचनका लागि यही असोज २० गतेसम्ममा पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत ७७ र निर्वाचन अधिकृतको कार्यालय ८८ स्थानमा गरी १ सय ६५ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ ।

आयोगले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्वाचन क्षेत्रको मतदाता संख्या, मतदान केन्द्रको संख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भइ विद्यमान कानूनबमोजिम राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम हद तोक्ने निर्णय गरी यही असोज १६ गते सार्वजनिक गरिसकेको छ ।

# जसपा अध्यक्ष यादवको जिल्लामा अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवको जिल्लामा उम्मेदवारी सम्बन्धी अन्योल यथावत रहेको छ । जसपा अध्यक्ष यादवले बढी सिट पाउने आसमा पाँच दलीय गठबन्धनलाई छाडेर एमालेसंग चुनावी गठबन्धन गरे पनि उनकै जिल्लामा भने उम्मेदवारको अन्तिम निर्णय हुन सकेको छैन् ।

जसपा अध्यक्ष यादव आफै कुन क्षेत्रवाट लड्ने सम्वन्धमा अन्तिम निर्णय लिन नसकेको अवस्था छ । निर्वाचन आयोगले आइतवार विहान १० बजे देखि बेलुका ५ बजे सम्म मनोनयनका लागि समय निर्धारण गरे पनि जसपा अध्यक्ष यादवले आफ्नै उम्मेदवारीको टुङ्गो लगाउन सकेका छैनन् । हुनत जसपा र एमालेबीच ५२ सिटमा तालमेल भएको छ । जसमा एमालेलाई ३५ र जसपाले १७ सिट पाएको छ । सप्तरीको निर्वाचन क्षेत्र नम्वर १ वाट मधेश प्रदेशका मन्त्री नवलकिशोर साह, २ वाट जसपा अध्यक्ष उपेन्द्र यादव र ४ मा मध्यरात सम्म निश्चित हुन सकेको छैन् तर, पार्टीका प्रवक्ता मनिष सुमनले साह र यादवको नाम समेत पुष्टि गरेका छैनन् ।

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह र पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवका छोरा सुभाष यादवको नामसमेत निश्चित हुन सकेको छैन् । पार्टीका प्रवक्ता सुमनले मात्रै सप्तरीको ३ को (ख) बाट विन्देश्वर (वीकी) यादवको नाम पुष्टि गरेका छन् ।

त्यस्तै, सिरहा निर्वाचन क्षेत्र नम्वर ४ वाट गत प्रतिनिधि सभा निर्वाचनमा विजयी भएका राजकिशोर यादवलाई निर्वाचन क्षेत्र नम्वर २ मा पठाइएको छ भने निर्वाचन क्षेत्र नम्वर ४ मा एमाले नेता रघुवीर महासेठका सालो तथा जुली महतोका भाइ वीरेन्द्र महतोलाई प्रतिनिधि सभाको उम्मेदवार जसपाले बनाएको छ । त्यस्तै सिरहा निर्वाचन क्षेत्र नम्वर २ को (क)वाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय यादवलाई उम्मेदवार बनाइएको छ भने ३ को (ख)वाट रेणु यादवलाई उम्मेदवार चयन गरिएको छ । सिरहा निर्वाचन क्षेत्र नम्वर ४ को (ख)बाट सुरेश मण्डलको नाम निश्चित भएको छ ।

**मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह र पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवका छोरा सुभाष यादवको नामसमेत निश्चित हुन सकेको छैन् । पार्टीका प्रवक्ता सुमनले मात्रै सप्तरीको ३ को (ख) बाट विन्देश्वर (वीकी) यादवको नाम पुष्टि गरेका छन् ।**

त्यस्तै, धनुषा निर्वाचन क्षेत्र नम्वर ४ मा एमालेका प्रभावशाली मानिने एमालेका प्रदेश कमिटी सदस्य डा. संजीव यादव आइतवार एमाले परित्याग गरी कांग्रेस प्रवेश गर्ने र ४ को (क)बाट कांग्रेसले उम्मेदवार बनाउने भएको छ । त्यस्तै सर्लाही ४ मा लोसपाबाट शनिवारनै जसपामा प्रवेश गरेका राकेश मिश्रले पनि शनिवारनै आफ्ना सिट सुरक्षित गरेका छन् । उनले सर्लाही निर्वाचन क्षेत्र नम्वर ४ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचन लड्ने भएको छ ।

त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्वर २ मा लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो र गठबन्धनका उम्मेदवार महेन्द्र राय यादव उम्मेदवारी दिने भएको छ । राजेन्द्र महतोको नाम धनुषा ३ बाट शनिवार चर्चामा रहे पनि उनी सर्लाही २ बाटनै उम्मेदवारी दिने भएका छन् । हुनत त्यो क्षेत्र माओवादी केन्द्रको चुनाव चिन्ह लिएर चुनावी मैदानमा आएका बाबुराम भट्टराई नेतृत्व पार्टीका नेता महेन्द्र राय यादवको लागि सुरक्षित गरिएको थियो । तर, पाँच दलीय गठबन्धनमा सहभागी भए पनि महतो पनि त्यसै क्षेत्रवाट मित्रवत प्रतिस्पर्धा गर्ने जनाइएको छ ।

महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ मा कांग्रेसले आफ्नो उम्मेदवार किरण यादवलाई व्याक गर्ने भएको छ । त्यो क्षेत्र लोसपालाई दिएपछि कांग्रेसले यादवलाई व्याक गर्ने भएको छ । भण्डारी गत निर्वाचनमा पनि त्यसै क्षेत्रबाट बिजयी भएका थिए । त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्वर ४ बाट कांग्रेसले अमरेश सिंहलाई उम्मेदवार नवनाएपछि उनी स्वतन्त्र रुपमा चुनाव लड्ने जनाएको छ । सर्लाही ४ बाट नेपाली कांग्रेसका महामन्त्री गगन थापा निर्वाचन लड्ने भएका छन् । उनी निरन्तर निर्वाचित हुँदै आएको काठमाण्डु ४ छाडेर सर्लाही ४ वाट चुनावी मैदानमा आउँदैछ र उनको विरुद्धमा अमरेश सिंह निर्वाचन लड्ने भएका छन् ।






## नारायणगढ-मुग्लिन सडकमा सुक्खा पहिरो

भरतपुर । सुक्खा पहिरो खसेपछि नारायणगढ-मुग्लिन सडक एकतर्फी सञ्चालनमा आएको छ ।

शनिबार साँझ ८:३० बजे भरतपुर महानगरपालिका भरतपुर २९ सत्रकिलोस्थित खानी खोला पुल नजिक सुक्खा पहिरो खसेको हो ।

पहिरो खसेपछि अहिले गन्तव्यमा हिँडेका सवार ‍िसाधनको लाइन लागेको छ । सडक डिभिजन कार्यालसँग समन्वय गरेर पहिरो पन्छाउने काम सुरु गरिने इलाका प्रहरी कार्यालय मुग्लिनले जानकारी दिएको छ ।

बिहीबार मात्रै भरतपुर महानगरपालिका-२९ स्थित केराबारी र अठार किलोमा पहिरो खसेर सडक अवरुद्ध भएको थियो । यो वर्ष मात्रै दुई दर्जन बढीपटक पहिरो खसेर नारायणगढ-मुग्लिन सडक अवरुद्ध भएको छ ।रासस

# म्याग्दीमा यातायात सेवा ठप्प

म्याग्दी ।म्याग्दीको आन्तरिक यातायात सेवा पाँच दिनदेखि ठप्प भएको छ । जिल्ला सदरमुकाम बेनी बजारदेखि छिमेकी मुस्ताङ जोड्ने बेनी-जोमसोम, बेनी-दरबाङलगायत म्याग्दीका मुख्य र सहायक सडक अवरुद्ध हुँदा जनजीवन कष्टकर बनेको छ ।



वर्षात्का कारण पहिरो खसेर सडक अवरुद्ध बनेका बेनी-दरबाङ सडकका सवारी चालक दिल शेरपुञ्जाले बताउनुभयो । जलेश्वर, बैसरी, नौनीबगर, जलथले, गुइँठे, रुप्से र काभ्रेभिरको सडकका कारण बेनी-जोमसोम सडक अवरुद्ध हुँदा मुस्ताङ जाने आउने पर्यटकलाई पनि समस्या भएको छ ।

विगतका वर्षमा दसैँलगत्तै मुस्ताङ घुम्न आउने पर्यटकको घुइँचो लाग्ने गर्दथ्यो । यसपाली सुनसान छ । आएकालाई मुस्ताङ पुग्न र फर्कन सास्ती भएको छ । मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई बेनीसँग जोड्ने बेनी-दरबाङ सडक फापरखेत, सिम र बाङ्गे पहिरोमा अवरुद्ध भएको छ ।

दसैँ मनाउन जन्मथलो पुगेका कार्यक्षेत्र फर्कन र आफन्त तथा मान्यजनबाट टीका आर्शिवाद लिन हिँडेका गन्तव्यमा पुग्न पैदलयात्रा गर्नुपर्ने बाध्यता छ । बिरामीलाई पिठ्युँ र डोकामा बोकेर अस्पताल पुऱ्याउनुपरेको मालिका-२ रुमका टेकबहादुर रसाइलीले बताउनुभयो ।

ठाउँठाउँमा गाडी परिवर्तन गर्न र तोकिएकोभन्दा महँगो भाडा तिर्नुपरेको मालिका गाउँपालिका-७ बिमकी सुभद्रा पौडेलले बताउनुभयो ।‘ढुङ्गा खसिरहने पहिरो पार र चार वडा गाडी परिवर्तन गरेर बेनी आइपुगियो’, उहाँले भन्नुभयो, ‘यसपालीको दसैँ मनाएर कार्यक्षेत्रमा फर्कन धेरै कष्ट भयो ।’ सामान्य अवस्थामा दुई घण्टा लाग्ने ठाउँमा पुग्न पूरै दिन हिँड्नुपरेको र प्रतिव्यक्ति रु पाँच सय भाडा लाग्ने गरेकामा रु एक हजारभन्दा बढी तिर्नुपरेको यात्रुले गुनासो गरेका छ । असोज १९ गतेदेखि सुरु भएको झरी आज दिउँसोमात्र रोकिएको छ । झरी रोकिएपछि स्थानीय तह, बेनी-जोमसोम-कोरला सडक आयोजना र पूर्वाधार विकास कार्यालयले डोजर परिचालन गरेर सडक मर्मत थालेको जनाएका छन् । यसैबीच म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकामा अवरुद्ध भएको विद्युत् सेवा पाँच दिनपछि शनिबारदेखि सञ्चालन भएको छ । पहिरो र रुख ढलेर अवरुद्ध भएको विद्युत् लाइन मर्मत गरेर सञ्चालन गरिएको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले जनाएको छ । विद्युत् अभावमा ग्रामीण क्षेत्रमा फोन सेवा अवरुद्ध भएको थियो ।रासस

# लागूऔषधसहित दुई जना पक्राउ

टुडे समाचारदाता

रौतहट । लागूऔषधसहित रौतहट प्रहरीले २ जनालाई पक्राउ गरेको छ ।

मौलापुरबाट काठमाण्डु जानको लागि गौर नगरपालिका वड़ा नम्बर ४ स्थित बस पार्कमा आएको यात्रु बाहक बस बाट प्रहरीले ६ हजार २ सय ७५ थान लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सह चालक मौलापुर नगरपालिका वडा नम्बर ६ पथराका भाग्य नारायण साह र सामान लोड गर्ने मौलापुर ६ का २९ बर्षीय मौजेलाल यादव रहेका छन् ।

चामलको बोरामा लुकाएर राखिएको अवस्थामा ना ८ ख ४७१८ नम्बर भएको सुशील डिलक्स बसको डिकीबाट डाइजोपाम एम्पुल ५७५ थान , फेनारगन ५७५ थान एम्पुल , नूरफीन ५७५ थान एम्पुल र नाइट्रोभेट ट्यबलेट ४ हजार ५ सय ५० थान बरामद भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



लागूऔषध सहित पक्राउ

परेका दुबै जनालाई कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धानको कार्य अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक सुनील मल्लले जानकारी दिएका छन ।

# बोलेरो दुर्घटना हुँदा चौध घाइते, तीन गम्भीर

त्रिशूली । नुवाकोटको विदुर नगरपालिका-५ मा आज अपराह्न बोलेरो गाडी दुर्घटना हुँदा १४ जना घाइते भएका छन् ।

घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर छ । घाइते हुने दसैँको टीका लगाउन जान लागेका एकै परिवारका सदस्य तथा आफन्त रहेका छन् ।

बेलकोटगढी-१२ मदानपुरबाट दसैँको टीका लगाउन बेलकोटगढी-७ रातमाटेतर्फ जान लागेको बोलेरो विदुर नपा-५ मा आफैँ अनियन्त्रित भएर दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रवक्ता (प्रहरी नायब उपरीक्षक) रुपक खड्काले जानकारी दिनुभयो ।





उहाँका अनुसार घाइतेमध्ये १७ वर्षीय दिपेश गजुरेल बेलकोटगढी-१२ र १८ वर्षीय प्रवत सुवेदी बेलकोटगढी-६ र ६५ वर्षीय छविलाल रिमाल विदुर-१२, को टाउकोसहित शरीरको विभिन्न अङ्गमा चोट लागेकाले त्रिशूली अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौँ पठाइएको छ । बाँकीको त्रिशूली अस्पतालमा उपचार भइरहेको छ । अन्य घाइतेमा ४४ वर्षीय सुदर्शन गजुरेल बेलकोटगढी-१२ उहाँको श्रीमती ४३ वर्षीया अप्सरा गजुरेल, छोरा १७ वर्षीय दीपेश गजुरेल, प्रवत सुवेदीको बुबा ३८ वर्षीय रामहरि सुवेदी बेलकोटगढी-६, छविलाल रिमालको छोरा १८ वर्षीय सागर रिमाल, ३४ वर्षीय बसन्त सिलवाल बेलकोटगढी-१२ उहाँको छोरी १६ महिनाको ऋतु सिलवाल रहेका छन् ।

यस्तै दुर्घटनामा परेर घाइते हुने अन्यमा १२ वर्षीय समीर ढकाल बेलकोटगढी-७, ४६ वर्षीया महेश्वरी पण्डित विदुर-१२ उहाँको छोरी १४ वर्षीया सुरक्षा पण्डित, सोही स्थानको १९ वर्षीया शर्मिला पण्डित र बोलेरो चालक २५ वर्षीय ठाकुर गजुरेल बेलकोटगढी-१२ रहेका छन् ।

प्रदेश ३-०१-०२३ च-९०३८ नं को बोलेरो गाडी अपराह्न १:१० बजे विदुर नपा-५ स्थित माझीटार भन्ने स्थानमा अनियन्त्रित भएर सडकमा पल्टिएको प्रहरीले जनाएको छ ।

सामग्री ढुवानी गर्ने उक्त बोलेरो गाडीमा एकै परिवारका सदस्य एवं आफन्त चढेर दसैँको टीका लगाउन बेलकोटगढी-१२ मदानपुरबाट बेलकोटगढी-७ रातमाटेतर्फ जान लागेका थिए ।रासस

# उम्मेदवार मनोनयन, आचारसंहितामा छलफल

गण्डकी । प्रदेश निर्वाचन कार्यालय, पोखराको आयोजनामा आज कास्कीमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको उम्मेदवार मनोनयन प्रक्रिया, निर्वाचन आचारसंहितालगायत विषयमा सर्वपक्षीय छलफल भएको छ ।





छलफलमा मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृत, राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

छलफलमा मुख्य निर्वाचन अधिकृत प्रकाश खरेलले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउने विषयमा निर्वाचन आयोग दृढताका साथ लाग्ने बताउँदै यसका लागि सबैले आआफ्नोतर्फबाट इमान्दार सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश निर्वाचन अधिकारी हुमनाथ पराजुलीले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको उम्मेदवारका लागि चाहिने योग्यताबारे उल्लेख गर्दै उम्मेदवारी दर्ताका विधि र प्रक्रिया सम्बन्धमा जानकारी गराउनुभयो ।

निर्वाचनका लागि आयोगले खर्चको सीमा निर्धारण गरेको जानकारी दिँदै पराजुलीले प्रतिनिधिसभा सदस्यका लागि क्षेत्र नं १, २ र ३ का उम्मेदवारका लागि क्रमशः २९ लाख, २७ लाख र ३१ लाख रुपैयाँ खर्च सीमा तोकिएको बताउनुभयो ।

उहाँका अनुसार प्रदेशसभा सदस्यका लागि कास्की क्षेत्र नं १(क) र (ख) का उम्मेदवारका लागि क्रमशः १७ र १५ लाख रुपैयाँ खर्च सिमा तोकिएको छ भने क्षेत्र नं २ (क) र (ख) का उम्मेदवारका लागि १५/१५ लाख रुपैयाँ तोकिएको छ । क्षेत्र नं ३(क) र (ख)का लागि १९/१९ लाख रुपैयाँ तोकिएको छ ।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सुरक्षालगायतको उचित प्रबन्ध गराइने बताउँदै सबै राजनीतिक दलको साथ सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त अवसरमा राजनीतिक दल, सञ्चारकर्मी लगायतले आचारसंहिता, त्यसको कार्यान्वयनलगायतका विषयमा जिज्ञासा राखेका थिए ।रासस

## कर्णालीका मुख्य राजमार्गहरू अवरुद्ध

सुर्खेत । बुधबारदेखि परेको अविरल वर्षाका कारण कर्णाली प्रदेशका मुख्य राजमार्गहरू अवरुद्ध भएका छन् । प्रदेशका विभिन्न राजमार्गअन्तर्गत लगभग २० ठाउँमा बाढी र पहिरो जाँदा सडक अवरुद्ध भएको हो ।

प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक माधव श्रेष्ठका अनुसार कर्णाली राजमार्ग मात्रै १० ठाउँमा अवरुद्ध भएको छ । कर्णाली राजमार्गअन्तर्गत दैलेखको चामुन्डाविन्द्रासैनी नगरपालिका-८ बादुका, दुल्लु नगरपालिका-२ को बरबारेभिर, कालीकोटको तिलागुफा नगरपालिका-१ को गाडगोडेनी र बालुवा, वडा नं ३ को राँचुली, वडा नं ५ को धनडाँ, खाँडचक्र नगरपालिका वडा नं १ को सुनारखोला, वडा नं २ को ज्यानमाराभिर र वडा नं ३ को खरिखोलामा पहिरो जाँदा सडक अवरुद्ध भएको छ ।

त्यस्तै छिन्चु-जाजरकोट सडक खण्डअन्तर्गत सुर्खेतको गुर्भाकोट-९ को पोखरे, सुर्खेतकै सिम्ता गाउँपालिका-४ को बालिखोला र जाजरकोटको भेरी नगरपालिका-१० को कालाभुरमा पहिरोले सडक अवरुद्ध भएको छ । रातानाङ्ला-धरमपोखरा सडक खण्डको वीरेन्द्रनगर-१३ को राउते गल्छी, सुर्खेत-दैलेख सडक खण्डअन्तर्गत गुराँस गाउँपालिकाको रातिखोला र चोचेखोलामा पनि सडक अबरुद्ध छ ।

यसैगरी बोटेचौर-दाङ सडक खण्डअन्तर्गत गुर्भाकोट नगरपालिका-१ को काल्चे, बोटेचौर सल्यान सडक खण्डको गुर्भाकोट-३ को भुजेल र राप्ती राजमार्गअन्तर्गत रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका-३ को खारानेटामा पनि सडक अवरुद्ध भएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । रासस

# अझै तीन दिन वर्षा हुने

काठमाण्डु । मनसुन न्यून चापीय क्षेत्रको असरले नेपालमा विगत पाँच दिनदेखि बदली र वर्षा भइरहेको छ ।

उक्त मौसमी प्रणालीका कारण अझै तीन दिन वर्षा हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका मौसमविद् विनु महर्जनका अनुसार मनसुन न्यून चापीय क्षेत्रको असर कायमै रहेकाले केही दिन वर्षाको सम्भावना रहेको हो । आगामी मङ्गलबारदेखि मौसम क्रमिकरुपमा सुधार हुनेछ । उहाँले भन्नुभयो, “अबको तीन दिनसम्म वर्षाको सम्भावना रहेको छ । पश्चिमी क्षेत्रमा बढी असर पर्ने देखिन्छ । एक-दुई स्थानमा भारी वर्षाको सम्भावना पनि रहेको छ ।”



नेपालमा मनसुन अझै सक्रिय रहेकाले पनि वर्षा भइरहे पनि विगतका दिनभन्दा कम असर पर्ने मौसमविद् महर्जनले बताउनुभयो । हाल नेपालमा मध्य-पश्चिम बङ्गालको खाडी र आसपास रहेको न्यून चापीय क्षेत्रको असर रहेको छ । प्रदेश १ र मधेस प्रदेशमा आंशिकदेखि सामान्य बदली र बाँकी स्वदेशमा सामान्य बदली रहेको छ ।

प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्का वर्षा भइरहेको महाशाखाले जारी गरेको मौसम बुलेटिनमा उल्लेख छ । दिउँसो कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही बाँकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहने छ भने लुम्बिनी, कर्णाली र सुदूरपश्चिच प्रदेशमा थोरै र बाँकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका एक दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ । रातिको समयमा पनि सोही मौसमी प्रणाली कायम रहने जनाइएको छ ।

महाशाखाका अनुसार गत २४ घण्टामा वीरेन्द्रनगरमा एक सय ६९ र नेपालगञ्जमा एक सय ६५ मिलिमिटर वर्षा मापन गरिएको छ । घोराहीमा एक सय चार, धनगढीमा ९०, दिपायलमा ६३ र डडेलधुरामा ४४ मिलिमिटर वर्षा भएको छ । काठमाडौंमा नौ दशमलव पाँच मिलिमिटर वर्षा भएको महाशाखाले जनाएको छ । शनिबार काठमाण्डुको न्यूनतम तपक्रम १७ र अधिकतम तापक्रम २८ डिग्री सेल्सियस रहेको छ ।रासस

# मकवानपुरमा दुईजनाको मृत्यु

बागमती । मकवानपुरमा अविरल वर्षापछि बाढी पहिरोमा परेर दुईजनाको मृत्यु भएको छ । पहिरोमा पुरिएर तथा बाढीले बगाउँदा उनीहरूको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार राक्सिराङ गाउँपालिका-६ मागेनीका ४७ वर्षीय तोकबहादुर चेपाङको पहिरोमा पुरिएर मृत्यु भएको हो । यस्तै कैलाश गाउँपालिका-३ कालीखोलाले बगाउँदा स्थानीय ६५ वर्षीय दलबहादुर चेपाङको मृत्यु भएको छ । खोला तर्ने क्रममा उनलाई बगाएको प्रहरीले जनाएको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**ऐतिहासिक कलश पोखरीः** शंखरापुर नगरपालिकाको वडा नं ६ साँखुको भौध्वाखामा रहेको ऐतिहासिक कलश पोखरी । पोखरीमा भएको पानी पहेलो देखिएको छ । *तस्विर : रासस*

# अनभिज्ञताले स्वास्थ्यकर्मीमाथि आक्रमण

चितवन । सबैले घरघरमा दसैँ मनाइरहेका बेला चितवन मेडिकल कलेजको सघन उपचार कक्ष (आइसियु) मा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी ज्यान जोगाउन भागदौड गर्नुपर्‍यो । सघन उपचार कक्ष तोडफोड भयो । केही महिनाअघि भरतपुर अस्पतालमा चिकित्सक कर्मचारी थुनिए, कर्मचारी कुटिए । केही समयअघि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा चिकित्सक कुटिए ।




एक वर्षमा यस्ता घटना २५ देखि ३० हुने गरेको नेपाल चिकित्सक सङ्घको तथ्याङ्कमा छ । आवेगमा आएर स्वास्थ्यकर्मी र संस्थामाथि आक्रमण गर्दा हुने कानुनी कारबाहीका बारेमा धेरै अनभिज्ञ छन् । उपचारमा हुने कमजोरीको कारबाही गर्ने विधि हुँदाहुँदै हुलहुज्जत गरेर कुटपिट र तोडफोडमा उत्रिँदा आफूलाई हुन सक्ने कानुनी कारबाहीका बारेमा थाहा नभएकै कारण धेरै जना यस्ता गतिविधिमा पर्ने गरेका छन् ।

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा ऐन २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश २०७९ अनुसार स्वास्थ्य संस्था तोडफोड वा अन्य कुनै कार्य गरी हानि–नोक्सानी पुर्‍याउनेलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेको छ ।

ऐनको दफा ३ को (क) मा स्वास्थ्य संस्थामा आगजनी गरेमा २ देखि ५ वर्षसम्म कैद वा रु दुईदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । ३ को (ख) मा तोडफोड वा हानिनोक्सानी र (ग) मा स्वास्थ्यकर्मी र कर्मचारीलाई कुटपिट वा शारीरिक रूपमा चोट पुर्‍याएमा तीन वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

सोही दफाको (घ) को तालाबन्दी वा घेराउ गरेमा, (ङ) को बिरामीको बाधा गरेमा र (च) मा स्वास्थ्यकर्मी र कर्मचारीमाथि हातपात, धम्की, गालीगलौज वा अपमानजनक व्यवहार गरेमा एक वर्षसम्म कैद वा रु एक लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

तोडफोड वा हानिनोक्सानीको मूल्याङ्कनका आधारमा मुद्दा हेर्ने अधिकारीले कसुरदारबाट हानिनोक्सानीबापतको मनासिव माथिको क्षतिपूर्ति भराई दिनुपर्नेछ भनी ऐनमा उल्लेख छ ।

सोही ऐनमा कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्राप्त प्रमाणका आधारमा कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्ने छ भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थाअनुसार कोही पनि कसुरदार धरौटीमा रिहा हुन पाउन सक्दैनन् ।

सङ्घका वरिष्ठ उपाध्यक्ष डा अनिलविक्रम कार्की राज्यले कारबाहीमा खुट्टा कमाउँदा आक्रमणका घटना बढेको बताउनुहुन्छ । ऐन कानुनका बारेमा धेरै अनभिज्ञ रहेको भन्दै उहाँले दोषीमाथि कानुनअनुसार कारबाही गरिएमा यस्ता घटना हुन नपाउने बताउनुहुन्छ । उहाँले भन्नुहुन्छ, “राजनीतिक संरक्षणका आधारमा अदालत नै नपुर्‍याई साधारण छलफलबाट मिलाउने परिपाटीले गर्दा आक्रमण बढेको हो ।”

क्षतिपूर्तिको नाममा मोलमालाइ गरेर दोषीलाई उन्मुक्ति दिन नहुने उहाँको भनाइ छ । उहाँले थप्नुभयो, “राजनीतिक संरक्षणका आधारमा प्रशासनले दोषीलाई कारबाही गर्दैन । यस्तो हुनु हुँदैन ।” मानिसको मृत्युपछि आर्थिक प्रलोभनका कारणले पनि गुण्डागर्दी शैलीमा तोडफोड र आक्रमण हुने गरेको उहाँ बताउनुहुन्छ ।

भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारी राज्यले कानुनी उपचार दिन्छ भन्ने प्रत्याभूति नहुँदा यस्ता घटना बढेको बताउनुहुन्छ । विकसित मुलुकहरूमा कानुनको पूर्ण पालना हुने हुँदा यस्ता घटना नहुने गरेको उहाँको भनाइ छ । आम नागरिकमा उपचारमा कमजोरी भएमा दोषीलाई कारबाही हुन्छ र मृतकका परिवारले क्षतिपूर्ति पाउँछन् भन्ने विश्वास जगाउन नसक्दा आवेगमा आएर तोडफोड र कुटपिट हुने गरेको उहाँ बताउनुहुन्छ । जिल्लाहरूमा यस्ता घटनामा कमी ल्याउन ‘क्विक रेस्पोन्स टिम’ बनाएर काम गर्नुपर्ने उहाँको भनाइ छ । आम नागरिकले लापरबाही र कमीकमजोरीका बारेमा छुट्याउन नसक्दा आवेगमा आएर घटना हुने उहाँ बताउनुहुन्छ । यस्ता घटना खेदजनक हुने जनाउँदै उहाँले उपचारमा कमीकमजोरी भए नेपाल मेडिकल काउन्सिलमार्फत न्याय माग्न र आक्रमणका घटना भए कानुनी रूपमा दोषीलाई कारबाही गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

नेपाल मेडिकल काउन्सिलका उपाध्यक्ष डा शिवजी पौडेल बिरामीका आफन्तलाई आफ्नो बिरामीमाथि उपचारमा लापरबाही भयो भन्ने लागेमा काउन्सिलमा उजुरी दिएर न्याय लिन सक्ने बताउनुहुन्छ । स्थानीय प्रशासनमार्फत उजुरी दिन सकिने भन्दै उहाँले निष्पक्ष रूपमा न्यायिक छानबिन भए दोषी ठहरिएमा कारबाही हुने हुँदा आवेगमा नआउन सबैलाई अनुरोध गर्नुभयो ।

गृह सचिव बिनोदप्रकाश सिंहले कानुनको पालना गरी दोषीलाई कारबाही गरिनेमा गृह प्रशासन पछि नहट्ने बताउनुहुन्छ । उहाँले भन्नुहुन्छ, “गैरकानुनी रूपमा भएका गतिविधिलाई दायरामा ल्याउने र क्षतिपूर्ति दिलाउने काम प्रशासनले गर्छ ।” रासस

# वीरगञ्ज नाकाबाट इन्धन आयातमा कमी

टुडे समाचारदाता

पर्सा । देशकै प्रमुख व्यापारीक नाका वीरगञ्जबाट इन्धनको आयातमा कमी आएको छ । वीरगञ्ज नाका प्रयोग गरी डिजेल, पेट्रोल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने ग्यास आयातमा १७ प्रतिशतले कमी आएको पाइएको छ । गत आर्थिक वर्षको साउन र भदौमा वीरगञ्ज नाकाबाट रु २० अर्ब चार करोड ४३ लाख मूल्यको दुई लाख २७ हजार पाँच सय ३६ किलोलिटर इन्धन आयात भएको थियो । चालु आवको सोही अवधिमा रु नौ अर्ब २० करोड ७३ लाखको एक लाख ९० हजार नौ किलोलिटर इन्धन आयात भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए ।



गत आवको तुलनामा चालु आवको साउन र भदौमा अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेकाले आयातमा कमी आएको उनले बताए । खरिद मूल्यमा भने ४५.९३ प्रतिशतले वृद्धि भएको छ । गत आवको पहिलो दुई महिनामा वीरगञ्ज नाकाबाट रु १० अर्ब १३ करोड मूल्यको एक लाख ४८ हजार चार सय ६० किलोलिटर डिजेल, रु चार अर्ब ६३ करोड मूल्यको ६२ हजार सात सय ३२ किलोलिटर पेट्रोल, रु एक अर्ब ९८ लाख मूल्यको १५ हजार तीन सय ६४ किलोलिटर हवाई इन्धन, रु सात करोड ७४ लाख मूल्यको नौ सय ८० किलोलिटर मट्टितेल र रु चार अर्ब १९ करोड मूल्यको ४३ हजार छ सय २४ मेट्रिकटन खाना पकाउने ग्यास आयात भएको छ ।

चालु आवको सोही अवधिमा रु १३ अर्ब ९५ करोड मूल्यको एक लाख सात हजार चार सय ६ किलोलिटर डिजेल, रु सात अर्ब ५३ लाख मूल्यको ६२ हजार सात सय ६० किलोलिटर पेट्रोल, रु दुई अर्ब ४२ करोड मूल्यको १८ हजार नौ सय ८० किलोलिटर हवाई इन्धन, रु १२ करोड १५ लाख मूल्यको आठ सय ८० किलोलिटर मट्टितेल र रु पाँच अर्ब ७४ मूल्यको ४२ हजार पाँच सय ६२ मेट्रिकटन खाना पकाउने ग्यास आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ । वीरगञ्ज नाकाबाट इन्धनको आयात घटे पनि त्यसबाट सङ्कलित हुने राजश्व भने दुई प्रतिशतले बढेको छ । गत आवको पहिलो दुई महिनामा रु नौ अर्ब ६६ करोड ९६ लाख राजश्व सङ्कलन भएको थियो । चालु आवको सोही अवधिमा रु १६ करोड ७२ लाख बढी अर्थात् रु नौ अर्ब ८३ करोड ६९ लाख राजश्व सङ्कलन भएको छ ।

# घरको छतबाट लडेर मृत्यु

चितवन । घरको छतबाट लडेर पूर्वी चितवनमा एकजनाको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय रत्ननगरका अनुसार मृत्यु हुनेमा नवलपुरको गैँडाकोटका ३५ वर्षीय शङ्कर श्रेष्ठ रहेका छन् ।

कार्यालयका प्रहरी नायब उपरीक्षक रबिनबाबु रेग्मीका अनुसार रत्ननगर नगरपालिका- ९ गणेशचोकमा रोशन आचार्यको घरको कम्पाउन्डमा आज बिहान श्रेष्ठ मृतावस्थामा फेला परेका हुन् ।

उनको टाउकामा चोट देखिएको उहाँले जानकारी दिनुभयो । टाउकामा चोट भएका कारण छतबाट खसेको अनुमान गरिएको प्रनाउरेग्मीले बताउनुभयो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको कार्यालयले जनाएको छ ।रासस

# आशीर्वाद थाप्नेको लर्को

काठमाण्डु । आश्विनशुक्ल त्रयोदशीका दिन शनिबार नवदुर्गाको प्रसादस्वरुप टीका लगाउन र आशीर्वाद थाप्न मान्यजनका घरमा जानेको लर्को लागेकोदेखिन्छ ।

नौ दिनसम्म पूजा आराधना गरी विजयादशमीका दिन देवी विसर्जन गरेपछि सुरु भएको प्रसाद लगाउने र मान्यजनबाट आशीर्वाद लिने क्रम कोजाग्रत पूर्णिमाका दिनसम्म जारी रहन्छ । पहिलो र दोस्रो दिन निरन्तरको वर्षाले मान्यजनकहाँ जान नपाएकाहरु तेस्रो दिन दिउँसो १ बजेसम्म भने राजधानीमा आकाश खुलेकाले निर्धक्क भएर हिँड्न पाएका थिए । तेस्रो दिन शुक्रबार दिउँसो फेरि सुरु भएको वर्षाले आशीर्वाद लिन हिँड्नेहरुलाई असर परेको थियो ।



विजयादशमीका दिन बुधबार दिउँसो केही समय वर्षा रोकिए पनि बेलुकीदेखि निरन्तर वर्षा भएपछि टाढाटाढा आफन्तकहाँ नवदुर्गाको प्रसाद स्वरुप टीका, जमरा र आशीर्वाद लिन जान समस्या भएको थियो ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले नेपालमा दक्षिण-पश्चिम बङ्गालको खाडी र आन्ध्र प्रदेश आसपास बनेको न्यून चापीय क्षेत्रको असरले गर्दा वर्षा भएको जनाएको छ । महानवमीदेखि देशभर सामान्यदेखि पूर्ण बदली रही बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका धेरै एवं बाँकी प्रदेशका थोरै स्थानमा सामान्यदेखि मध्यम वर्षा भइरहेको महाशाखाले जनाएको छ । पश्चिम नेपालका केही जिल्लामा भने विजयादशमीका दिनमात्र दुर्गाको प्रसाद लगाउने र आशीर्वाद थाप्ने प्रचलन रहेको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारी भने कोजाग्रत पूर्णिमाका दिन अखिल बलिपूर्ति नभएसम्म नवदुर्गाको प्रसाद लगाउन शास्त्रीयरुपमा कुनै बाधा नरहेको बताउनुहुन्छ । केही दिन सुनसान रहेको राजधानी सहरमा आज बिहानदेखि भने केही चहलपहल देखिन थालेको छ ।

मानिसको चहलपहल बढे पनि सवारीसाधन कम हुँदा यात्रा सहज हुन सकेको छैन । सार्वजनिक यातायातमा कोचाकोच गरेर टीका थाप्न र आशीर्वाद लिन हिँड्नेको चहलपहल भने बजारमा हिजोका दिनभन्दा बढी छ ।रासस

# प्रत्यक्षतर्फको उम्मेदवारको मनोनयनपत्र आइतबार, तयारी पूरा

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि भोलि असोज २३ गते आइतबार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रमका लागि तयारी पूरा भएको छ ।



निर्वाचनमा भाग लिने दल र उम्मेदवारले मनोनयनका लागि आफ्नो तयारी तीव्र बनाएका छन् । आइतबार बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवार आफैँ वा उम्मेदवारका प्रतिनिधि र वारेसनामाबाट पनि मनोनयनपत्र दर्ता गर्न सकिने निर्वाचन आयोगले जनाएको छ ।

आयोगले सोका लागि आवश्यक संरचना, जनशक्ति र सुरक्षा प्रबन्धसहित सम्पूर्ण व्यवस्था मिलाइ सकेको जनाएको छ । आज आयोजित पत्रकार सम्मेलनमा प्रमुख आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आयोग सम्पूर्ण राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्षलाई निर्धक्क भएर मतदाताबीच पुगी अनुमोदित हुने आफ्नो अधिकार प्रयोग गर्न आह्वान गर्नुभयो ।

उहाँले मनोनयनपत्र दर्ता गर्दा नेपालको संविधान र विद्यमान कानुनको व्यवस्था र मर्मबमोजिम सबै वर्ग, लिङ्ग, जाति, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवारी मनोनयन गर्न सम्पूर्ण राजनीतिक दललाई आग्रह गर्नुभयो ।

आयोगद्वारा जारी आचारसंहिताको पूर्ण पालना गर्नसमेत सम्बन्धित सबैमा उहाँले आग्रह गर्नुभयो । प्रमुख आयुक्त थपलियाले विविध कारणवश केही दलले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम केही पर सारिदिन वा तीन दिनसम्म उक्त कार्यक्रम निरन्तर गर्न आग्रह गरेको भए पनि दलले प्रायःअन्तिम समयमा मात्रै उम्मेदवारी मनोनयनको निर्णय गर्ने प्रवृत्ति रहेको र विद्यमान कानुनी अवस्थाभित्र निर्वाचन कार्यक्रम हेरफेर गर्ने आधार नदेखिएकाले कार्यक्रम यथावत राखिएको स्पष्ट गर्नुभयो ।

उहाँले उम्मेदवारले वारेसनामा वा प्रतिनिधिका माध्यमबाट पनि मनोनयनपत्र दर्ता गराउन सक्ने भएकाले सोका लागि आधिकारिक पत्र, वारेसनामा र निस्साजस्ता कागजात सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उपलब्धसम्म गराएर दल र उम्मेदवारलाई सहजीकरण गर्न आयोग तत्पर रहेको स्पष्ट गर्दै आवश्यकता र औचित्यताका आधारमा निर्वाचन आचारसंहिता, २०७९ मा संशोधन गरिएको जानकारी दिनुभयो ।

प्रमुख आयुक्त थपलियाले विगतको अनुभव र प्रतिक्रियालाई आधार मानेर मतदानका दिन व्यवस्थितरुपमा सार्वजनिक सवारी साधन सञ्चालन गराउने सम्बन्धमा सरोकारवाला निकायका प्रतिनिधिसहितको कार्यदल गठन गरिएकाले सो कार्यदलको सुझावबमोजिम कार्यान्वयन गरिने बताउनुभयो ।

निर्वाचनका लागि यही असोज २० गतेसम्ममा पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत ७७ र निर्वाचन अधिकृतको कार्यालय ८८ स्थानमा गरी १६५ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ । आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई विद्यमान कानूनबमोजिम राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम हद तोक्ने निर्णय गरी यही असोज १६ गते सार्वजनिक गरिसकेको छ ।

**समानुपातिकको मतपत्र छपाइ**

आयोगले समानुपातिक निर्वाचनतर्फका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, भक्तपुरबाट कूल चार करोड ५५ हजार मतपत्र छपाइ कार्य सम्पन्न भएको जनाएको छ ।

यसमध्ये प्रतिनिधिसभा सदस्यतर्फ एक करोड ९८ लाख ७१ हजार र प्रदेशसभा सदस्यतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र छपाइ भएको छ । पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ यही असोज २७ गतेदेखि मतपत्र छपाइ कार्य सुरु हुनेछ ।

**आचारसंहितामा संशोधन**

आयोगले निर्वाचन आचारसंहिता, २०७९ मा यही असोज १६ गतेको निर्णयबाट पहिलो संशोधन गरेको छ । सामान्य त्रुटि सुधारका अतिरिक्त मूल आचारसंहिताको दफा ५ र अन्य दफामा केही संशोधन भएका छन् । संशोधित आचारसंहितामा ‘नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचारण’ का सम्बन्धमा प्रतिबन्धात्मक वाक्यांश थप स्पष्ट बनाइ निर्वाचनमा आफैँ उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रसारप्रसारमा संलग्न हुनसक्ने प्रबन्ध गरिएको छ ।

यस्तै नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीले आयोगको सहमति लिइ त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारकाकाममासंलग्नहुनसक्ने छन् । स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहबाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुनसक्ने र नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचनको प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने व्यवस्था गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।रासस

# त्रिभुवन राजपथको बाह्र घुम्तीमा पहिरो

मकवानपुर । त्रिभुवन राजपथको बाह्र घुम्तीमा केही बेरअघि सुक्खा पहिरो जाँदा हेटौँडादेखि काठमाडौँतर्फको यातायात अवरुद्ध भएको भैँसे प्रहरी चौकी मकवानपुरले जनाएको छ ।

उक्त राजपथको बाह्र घुम्ती भीमफेदी गाउँपालिका-२ मा पर्ने भैँसेबाट करिब १२ किलोमिटर उत्तरतर्फ रहेको राजपथ पर्दछ । केही घण्टाभित्रै सुक्खा पहिरो हटाएर दुवैतर्फको यातायात सञ्चालन गर्ने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

काठमाण्डुबाट आएका र हेटौँडाबाट काठमाडौँतर्फ जाने विभिन्न सवारी साधन बाह्र घुम्तीमा लामबद्ध रूपमा राखिएको भैँसे प्रहरीले जानकारी दिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# अझै युवाको खाँचो

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि आइतवार मनोनयन दर्ता हुँदैछ। सबै राजनीतिक दलहरु आ-आफ्ना उम्मेदवार चयन गर्न शनिवारसम्म व्यस्त थिए भने आइतवार कोही निराश त कोही खुशी भई मनोनयन दर्ता गराउँदैछन् । तर, प्रदेश सभा र प्रतिनिधि सभा दुबैमा अझै युवा उम्मेदवारको खाँचो देखिएको छ । गत निर्वाचन भन्दा बढी युवाहरु यस पटकको निर्वाचनमा भाग लिए पनि चाहिने उम्मेदवार अहिले पनि आउन सकेका छैनन् । नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायत राप्रपामा समेत युवा उम्मेदवार नदिएर पुरानै अनुहारलाई दोहऱ्याएका छन् । राजनीतिक दलहरुले युवाहरुको शक्तिलाई आन्दोलनका शक्तिका रुपमा मात्रै परिचालन गर्ने तर, नेतृत्व पंक्तिमा आउन नदिन पुरानै अनुहारहरुलाई महत्व दिने गरेका छन् । आफू उम्मेदवार हुन नचाहनेहरुलाई पनि टिकट दिने तर, उम्मेदवार बन्नका लागि लाइनमा बस्दा पनि टिकट नदिने परिपाटीका कारण युवाहरुमा निराशा देखिएको छ । युवाको शक्ति र वृद्धिको अनुभव मिलाएर देश हाक्ने भए आर्थिक उन्नति, समृद्धि आउन सक्ने आकलन गरिए पनि त्यो काल्पनिक मात्रै भन्न सकिन्छ । कल्पना गरेर मुलुकमा आर्थिक उन्नति र समृद्धि आउँछ जस्तो देखिदैन् । मुलुक एक समय खाली हुन जान्छ । युवाहरुलाई अहिले देखिनै अनुभव प्रदान गरिएन भने एक समय यस्तो आउन सक्छ जहाँ मात्रै अनुभवहीनहरुको एउटा हुल सदनमा हुन्छ जो संग काम गर्ने जोस जागर त हुन्छ तर, तरिका भने हुँदैन् । त्यो सम्वेदनशीलतालाई पनि परिपूर्ण गर्नका लागि अहिले देखि नै युवाहरुलाई कम संख्यामा भए पनि सदन छिराउनुपर्ने आवश्यकता देखिन्छ । आफ्ना अनुभवी पुस्तावाट अनुभव हस्तान्तरण हुन नसक्दा मुलुकमा संकट आउने निश्चित देखिन्छ । त्यतिबेला विदेशी शक्तिहरुको हालीमुहाली हुने र उनीहरु मुलुक कब्जा गर्न पनि पछि नपर्ने भएकाले युवाहरुलाई सदन छिराउने आवश्यकता देखिन्छ । यो खाली ठाउँलाई भर्नुपर्ने अनुभवी राजनीतिकर्मीहरुको उत्तरदायित्व पनि हो ।

# जसपा र एमालेबीचको तालमेलले 'को' बढी फाईदामा



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी बाहिरिएपछि दुई सशक्त गठबन्धनबीच प्रतिस्पर्धा हुने भएकाले आउँदो निर्वाचन रोमाञ्चक हुने सम्भावना छ । जनता समाजवादी पार्टी (जसपा)ले नेकपा कम्युनिष्ट पार्टी (एमाले)सँग चुनावी तालमेल गरेको छ । ति दुवै पार्टी १४ जिल्लाअन्तर्गत पर्ने प्रतिनिधिसभा सदस्यको ३५ सिटमा एमाले र जसपाले १७ सिट पाउने भएका छन् । प्रदेशतर्फ एमाले ७० र जसपाले ४२ सिट पाउने निर्णय भएको छ भने धनुषा-२, महोत्तरी-२, रौतहट-१, बारा-३ र रुपेन्देही-५मा मित्रवत प्रतिस्पर्धा गर्ने भनेर ओली र उपेन्द्र यादवबीच सहमति भएको हो । सत्ता गठबन्धनसँग सिट सङ्ख्यामा तालमेल नहुँदा जसपा गठबन्धनबाट बाहिरिएको हो । हुन त, गठबन्धनले १६ सिट दिन तयार थियो भने जसपाले २५ सिट माग गरेको चर्चा छ । काँग्रेसले मधेशमा आफ्नो बढी पकड रहेको भनेर स्थानीय निकायमा समेत पुष्टि भइसकेको अवस्थामा बढी सिट खोजेको थियो । अर्कोतर्फ, काँग्रेससँग तालमेल गर्दा मधेशमा जनमत खुस्किन भयले जनता समाजवादी पार्टीले तराईमा काँग्रेससँग तालमेल गरी चुनावमा सहभागी हुन चाहदैन्थ्यो । जसपा जहिलेपनि मधेशमा काँग्रेस कमजोर होस् भनि सोचाई राख्छन । काँग्रेस वलियो भयो भने जसपाको जनाधार घट्ने प्रवल सम्भावना रहन्छ । मधेश आन्दोलनअघि उपेन्द्र यादवको तत्कालीन मधेशी जनअधिकार फोरम मञ्चको त्यति प्रभाव थिएन । मधेश आन्दोलनले उग्रता लिएपछि मधेशका अधिकांस काँग्रेसका नेता, कार्यकर्ता र मतदाताहरु उपेन्द्र यादवसँग नजकिएको थियो ।

अहिलेपनि मधेशका प्रजातान्त्रिक विचारधाराका मतदाताहरुले काँग्रेस र मधेशकेन्द्रीत दलको उम्मेद्वारबीच मतदान गर्ने बेला मत उलटपुलट गर्ने गर्छन् । समग्रमा भन्नुपर्दा, दुवै पार्टीबीच राम्रा उम्मेद्वारले बढी मत तान्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा काँग्रेससँग दूरी बढाउने कदम राजनीतिक दृष्टिकोणले उपेन्द्र यादवको लागि फाइदाजनक देखिएपनि व्हारिक रुपमा यसलाई उचित मान्न नसकिने वास्तविकता पनि छ । विहारका मुख्यमन्त्री नीतीश कुमार सातपटक मुख्य बने । कहिले लालुको समर्थनबाट कहिले भाजपाको समर्थनबाट आफू मुख्यमन्त्री पदमा विराजमान भइरह्यो । यतिखेर, भारतका नीतीशलाई पल्टुराम भन्न थालिएको छ । पदका लागि पल्टुरामको संज्ञाबाट बच्नका लागि राजनीतिक कुनै व्यापार होइन भन्ने हेक्का सवै नेताहरुलाई राख्नुपर्ने हुन्छ ।

जसपा र एमालेबीचको सिट तालमेलबाट कुन दललाई कति फाईदा वा वेफाईदा पुऱ्याउँछ, त्यो त निर्वाचनको परिणामबाट मात्र थाहा पाउन सकिन्छ । तत्कालका लागि सत्ता गठबन्धनलाई नराम्ररी झ्डका लागेको देखिन्छ । तर, जसपा अलग भएपछि अधिकांस ठाउँमा काँग्रेसको अवस्था वलियो हुने सम्भावनालाई नकार्न नसकिने कारण पनि छ । यसको महत्वपूर्ण कारणमा जहाँ एमाले धेरै कमजोर छ, त्यहाँ जसपाको उम्मेद्वार हुनेछ । जसपालाई धेरै बढी लाभ हुनेछ सोच्नु नै गलत हो ।

अर्कोतर्फ, एमाले बलियो छ, जसपापनि ठीकठाक अवस्थामा छ । त्यहाँ एमालेको उम्मेद्वार छ भने उनको जित्ने सम्भावना प्रवल रहन्छ । यो सैद्धान्तिक कुरा भयो, मतदानमा त्यस्तो हुँदैन् । प्रजातान्त्रिक पार्टीको मतमाथि पार्टीको खासै पकड हुँदैन् । जसपाका कतिपय मतदाताले एमालेमा मतदान गर्न नचाहेको खण्डमा प्रत्यक्ष रुपमा काँग्रेसलाई फाईदा पुग्नेछ । केन्द्रीयस्तरको सहमतिलाई तल्लोस्तरको कार्यकर्ता र मतदाताले कुन रुपमा ग्रहण गर्छन, त्यो विषय नै महत्वपूर्ण हो ।

उपेन्द्र यादवले विगत तीन बर्ष केपि ओलीप्रति सत्तोसरापको बर्षा नै गरेका थिए । सत्तोसरापलाई विर्सेर केपि ओलीले यादवसँग सिटको तालमेल गरेका छन् । केपि ओलीलाई उदारवादी र उपेन्द्र यादवलाई अवसरवादी नेताको रुपमा सम्झनु पर्दछ । किनभने, यत्रो गाली सुनेरपनि ओलीले यादवसँग हातेमालो गरेको छ । यादवले मधेश आन्दोलन, संसद विघटन र नागरिकता विधेयकमा ओलीको प्रति गरेको कटाक्षका साथै अव कहिँलेपनि ओलीसँग राजनीतिक सम्बन्ध नरहने घोषणा गर्नु भएको थियो । हिजोसम्म ओली धेरै गलत व्यक्ति थियो भने एकाएक ओली असल व्यक्ति कसरी भयो ? तपाईको विचारमा पवरिवर्तन किन भयो भनेर जनताले जवाफ माग्नेछन् ।

अहिलेको राजनीतिक परिदृष्यलाई हेर्दा केपि ओली एक कुशल कुटनीतिज्ञ एवम् आकर्षक व्यक्ति रहेको प्रमाणित भएको छ । उपेन्द्र यादव मात्रै होइन कि प्रचण्डसँग पनि ओलीले तालमेल गर्न खोजेको भए सफल हुन्थ्यो । अहिले सत्ता गठबन्धनबाट जसपालाई अलग्गियाउन ओली सफल भएको छ । निर्वाचनपछि, अहिलेको तालमेलमा उलटफेर हुनेछ । किनभने, एकले अर्कामाथि आरोप प्रत्यारोप गर्दै जुन पार्टीले मन्त्रीको सङ्ख्या बढी दिनेछ, उतैतिर लम्किनमा नेताहरुले अलिकति पनि ढिलो गर्दैनन् ।

**मधेशमा गठबन्धनको असर कस्तो पर्छ ?**

एमाले र जसपाबीच चुनावी तालमेल भयो । यसको सकारात्मक वा नकारात्मक प्रभाव मधेशी जनतामा कुन रुपमा पर्नेछ भन्ने विषयनै महत्वपूर्ण हो । तर, यो तालमेलले गर्दा ओली पक्ष उत्साहित छन् । उत्साहित हुनुको मुख्य तीन कारण देखिन्छ । पहिलो सत्ता गठबन्धनमा फुट, दोश्रो मधेश प्रदेशमा सिट सङ्ख्यामा बृद्धि हुने विश्वास र तेस्रो जसपाको समर्थन पाएपछि राष्ट्रियस्तरमा प्रभाव बढ्ने विश्वास ।

हुन त मधेशको निर्वाचनमा पार्टीभन्दा जातपातको प्रभाव अलि बढी नै देखिन्छ । मतदाता तुलनात्मक रुपमा अलि सजग पनि भएका छन् । जातीय प्रभाव बढाउनमा दलहरुकै मुख्य भूमिका पनि छ । जुन जातको जनसङ्ख्या बढी छ भने त्यो जातको आर्थिक रुपले सम्पन्न र प्रभावशाली व्यक्ति खोजेर उम्मेद्वार बनाउने गरिन्छ । अवकासप्राप्त इन्जिनियर, डाक्टर, कर्मचारी, उद्योगपति अर्थात धनाढय व्यक्तिलाई उम्मेद्वार बनाउने गर्छन् । त्यसमध्ये राम्रा उम्मेद्वारको जित्ने सम्भावना प्रवल रहन्छ ।

यसपल्टको निर्वाचनमा जातीय प्रभावले मतदातामा खासै असर पर्ने सम्भावना छ, जस्तो लाग्दैन् । यसो हेर्दा, जसपा र एमालेबीचको तालमेलले काँग्रेसको सिट घट्ने सोचाइ हुन सक्छन् । तर, कथङ्कदाचित मतदातालाई सो तालमेल मन पराएन भने काँग्रेस अत्यधिक ठाउँमा जित्नेछ । जसपाको मत काँग्रेसतर्फ जाने सम्भावना पनि छ । अव, मतदातामाथि दवाव बनाउन अवस्था छैन् । सत्तारुढ दलको गठबन्धनलाई छोडेर एमालेसँग जसपाको तालमेलप्रति कतिपय व्यक्ति आश्चर्यचकित पनि छन् । तर, एउटा कुरा निश्चित छ, नेकपा(एमाले) बढी लाभान्वित हुनेछ ।

काँग्रेसको मधेशमा राम्रो पकड छ । त्यो स्थानीय निकायको निर्वाचनबाट पुष्टिपनि भएको छ । यस्तो अवस्थामा जसपाले मागेबमोजिम सिट काँग्रेसले दिन नसक्ने स्पष्ट नै थियो । काँग्रेसले दिन खोजेको भएपनि जसपाले कुनै न कुनै बहाना बनाएर सत्ता गठबन्धन अलग हुन्थ्यो । किनकी, जसपाको जनाधार मधेश नै हो । मधेशमा काँग्रेस बलियो भयो भने सवैभन्दा बढी घाटा जसपालाई हुनेछ । मधेश आन्दोलनको समयमा अधिकांस काँग्रेस विचारधाराका व्यक्ति तत्कालीन मधेशी जनअधिकार फोरममा प्रवेश गरेका थिए ।

मधेशकेन्द्रीत दलहरुले केपि ओलीलाई जहिलेपनि मधेश विरोधी नेताको रुपमा चित्रण गर्दथ्यो । त्यसता चित्रण गर्ने नेतामा जसपाका अध्यक्ष उपेन्द्र यादव नै अग्रपक्तिमा हुनुहुन्थ्यो । जसपाले एमालेसँग चुनावी तालमेल गरेपछि मधेशीकेन्द्रीत दलहरुको ओलीप्रति आरोप मात्र राजनीतिक लाभ लिनका लागि थियो भने पुष्टि भयो । २०७४ सालको निर्वाचनपछि उपेन्द्र यादव ओलीको सरकारमा सहभागी भएका थिए । एक बर्षपछि सम्बन्ध विग्रन थालेपछि यादवले मन्त्रिमण्डलबाट राजीनामा गरेका थिए । एमालेको विभाजनपश्चात केपी ओलीको नेतृत्वलाई समर्थन गर्दै मधेशकेन्द्रीत दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारमा सहभागी भएका थिए । मधेश आन्दोलनदेखि लिएर २०७४को निर्वाचनसम्म ओलीलाई तथानाम गाली गर्ने मधेशका मसिहा उपेन्द्र यादव, ह्रिदेश त्रिपाठी र राजेन्द्र महतोहरुलाई मन्त्रीको पद पाउनका लागि ओलीकै शरणमा पुग्नुपरेको कटुसत्यलाई स्विकार गर्नेपर्छ ।

भनिन्छ, राजनीतिमा न कोही स्थायी मित्र हुन्छ न शत्रु । स्वार्थ मिल्नासाथ नेताहरु एकापसमा मिल्ने गर्छन् । अनि, नेताको स्वार्थका लागि कार्यकर्ताहरु आपसमा किन भिड्ने ? अनाहकमा आन्दोलन किन गर्ने ? यी कुराहरुलाई सम्झनु पर्छ । आन्दोलनबाट नेताको स्वार्थ पुरा भएको छ । जनताको अवस्थामा खासै सुधार आएको छ, जस्तो लाग्दैन् ।

डा. बावुराम भट्टराई अहिले 'न घरको न घाटको' अवस्थामा पुग्नु भएको छ । उहाँ निर्वाचनमा गोरखा-२बाट नउठ्ने घोषणा गर्नुभयो । नयाँ शक्ति पार्टीको अध्यक्ष भएर आफ्नै गृह जिल्ला गोरखाको क्षेत्र नं-२बाट चुनाव जित्नका लागि काँग्रेसको समर्थन लिनु परेको थियो । दुई बर्ष नवित्दै काँग्रेसको गुण विर्सेर काँग्रेसलाई 'म्यूजियम'मा राख्नुपर्ने भनेर कटाक्ष गर्न थाल्यो । अवस्था अहिले यस्तो आफैं म्यूजियममा पुग्न लागेका छन् । त्यसैले बढी अहङ्कार गर्नु हुँदैन् ।

आउँदो मङ्सिर ४ गते प्रतिनिधिसभाको निर्वाचनको परिणाम जे भएपनि पुनः मुलुकमा गठबन्धनकै सरकार बन्ने लगभग पक्का नै छ । किनकी, कुनै दललाई आफ्नै बलबुत्तामा सरकार गठन गर्नका लागि प्रत्यक्ष तर्फ करिव दुई तिहाईको हाराहारीमा जित्नु पर्छ । त्यसपछि, समानुपातिकतर्फ राम्रो मतप्राप्त भएको अवस्थामा बहुमतको सरकार बन्ने छ । यसो हेर्दा, कुनैपनि दलमा हाल त्यति सामर्थ्य छ, जस्तो लाग्दैन् । काँग्रेस र एमालेमध्ये कुनै एक दल ठूलो पार्टी बन्ने छन् । त्यसपछि, सरकार गठनका लागि दलहरुबीच गठबन्धनको प्रयास हुनेछ । जुन किसिमको नेताहरुको राजनीतिक चरित्र छ, त्यसअनुरुप, दुवै गठबन्धनबाट कुन दलले खेमा परिवर्तन गर्ने ठेगान छैन् । 'इतिश्री'

# बालबालिकालाई चाडपर्वमा कसरी खुसी बनाउने ?



**अन्शु खनाल**

मोरङ घर भएका एक दम्पती भक्तपुर बस्छन्। उनीहरुको पाँच कक्षामा पढ्ने छोरा छ। यतिबेला दसैं-तिहार जस्ता चाडपर्व नजिकिएका छन्। चाडपर्वमा बच्चाको बिदा हुन्छ तर उनीहरू भने बच्चालाई कसरी खुसी राख्ने भन्ने चिन्तामा छन् ।

उनीहरु जस्तै अन्य धेरै अभिभावक चाडपर्वमा कसरी आफ्नो बालबच्चालाई खुसी राख्ने भन्ने चिन्तामा हुन्छन् ।

अझै एकल परिवारमा हुर्किएका बालबालिकालाई चाडपर्वमा खुसी राख्न र रमाइलो महसुस गराउन अभिभावकको महत्वपूर्ण भूमिका हुने मनोविद् खेमराज भट्ट बताउँछन् ।

आफ्नो उमेर मिल्दो साथी नहुनु, गृहकार्य धेरै हुनु, अभिभावक व्यस्त हुनु, खेल्ने ठाउँ नहुनु र परिवारमा झगडा हुनु जस्ता कुराले चाडपर्वमा बालबालिकालाई समस्या हुने उनले बताए ।

छुट्टी एकदमै जरुरी छ। तर आजकल अभिभावक आफैं व्यस्त हुने हुनाले छुट्टीमा बालबालिकालाई घरमा कसरी राख्ने भन्ने तनाव हुन्छ ।

स्कुलमा साथीभाइ, खेलकुद र अन्य क्रियाकलाप गरेर रमाइलो गरिरहेको बच्चालाई बिदामा घरमा एक्लै बस्न पट्यारलाग्दो हुन्छ,' उनले भने, 'बिदाको सदुपयोग कसरी गर्ने र के-के क्रियाकलाप गर्ने भनेर अभिभावकले योजना बनाउनु पर्छ। नयाँ ठाउँ घुम्ने, नयाँ चिज पकाएर खाने, बालबालिकालाई सुन्ने जस्ता कुरामा अभिभावकको निकै ठूलो भूमिका हुन्छ। त्यसो गर्नाले उनीहरु निराश हुन पाउँदैनन् ।' यस्तो समयमा आफूले गर्ने सबै कामहरुमा बालबालिकालाई सरिक गराउनु पर्ने बाल मनोरोग विशेषज्ञ डा अरुण कुँवर बताउँछन्। 'अभिभावकहरू व्यस्त हुने हुनाले बालबालिकाहरुले एक्लो महसुस गर्न सक्छन्, सोही कारण बालबालिकालाई गर्न सक्ने काम लगाउने, सबै काममा सामेल गराउने गर्नुपर्छ,' उनले भने ।

सामान्यतया बालबालिकाहरू रमाइलो गर्ने, भेटघाट र जमघट गर्न रुचाउने हुन्छन्। तर पनि केही बच्चाहरू भने जमघट मन नपर्ने, असहज मान्ने हुन्छन् । त्यस्ता बालबालिकालाई चाडपर्वमा सोसल एन्जाइटी हुने सक्ने भट्ट बताउँछन्। उनी भन्छन्, 'सामान्यतया बच्चाहरु रमाइलो गर्ने, भेटघाट गर्न रुचाउने खालका नै हुन्छन्। तर पनि केही बच्चालाई पारिवारिक जमघट मन नपर्ने, रमाउन नसक्ने, असहज मान्ने, सोसल एन्जाइटी हुने हुन्छ। त्यस्तो अवस्थामा अभिभावकले आफ्नो बच्चासँग राम्रोसँग कुरा गरेर के चिजको डर छ सोध्नु पर्छ ।' अभिभावकले भेटघाट र जमघटमा करकाप गर्दा बालबालिकाको मानसिक स्वास्थ्यमा नराम्रो असर पर्ने उनले बताए ।

गृहकार्यको प्रेसर भए तापनि अभिभावक र बालबालिकाको कुराकानी राम्रो हुने, एकअर्कालाई समय दिने गरेमा बालबालिकालाई उक्त प्रेसरको महसुस नहुने भट्ट बताउँछन् ।

दसैंमा बलि दिने परम्परा छ। बलि दिने क्रममा बालबालिका डराउने, आत्तिन सक्ने डा कुँवर बताउँछन्। त्यसैले यस्ता गतिविधि गर्दा पहिल्यै नै बालबालिकालाई त्यसको बारेमा जानकारी दिनुपर्ने उनले बताए ।

साथै, बालबालिकाकालाई यस्ता चाडपर्वको महत्वको बारेमा समेत जानकारी गराउनु पर्ने उनी बताउँछन्। 'बालबालिकाहरू जिज्ञासु स्वाभावका हुन्छन्। परम्परा र चाडपर्वको बारेमा जानकारी दिनाले उनीहरुको पनि ज्ञान बढ्न सक्छ,' उनले भने ।

बालबालिकालाई बिदा मन पर्ने तर गृहकार्य मन नपर्ने हुन्छ। विद्यालयले पनि विद्यार्थीको अवस्था हेरेर गृहकार्य दिनुपर्ने भट्ट बताउँछन्। 'विद्यालयले कुन उमेरको बच्चाले कतिसम्म गर्न सक्छ भन्ने कुरामा विचार गर्नुपर्ने हुन्छ। कतिपय बच्चाहरू आफ्नो जन्मघर भन्दा टाढा बसेर पढिरहेका हुन्छन्। चाडपर्वको समयमा यातायातमा पनि भीडभाड हुन्छ। घर जानुपर्ने बच्चाले सबै किताब लिएर जान पनि असहज हुन्छ। त्यसैले बरु विद्यालयले प्रोजेक्ट वर्कहरुमा जोड पो दिने कि ?,' उनले भने।



**बालबालिकालाई खुसी बनाउन के गर्ने ?**

आफ्नो बच्चाले स्कुलमा कुन चिज या कुन खेलमा रमाइलो मानिरहेको छ त्यसलाई विचार गरेर घरमा पनि त्यही वातारण सिर्जना गर्न सहयोग गर्नुपर्ने भट्ट बताउँछन्। चित्र बनाउन, गीत गाउन या बालबालिकाको आफ्नो रुचि अनुसार सिर्जनात्मक कामहरुमा उनीहरुलाई सहयोग गर्ने, साथ दिनुपर्ने उनको भनाइ छ। साथीहरूसँग उनीहरुको मनपर्ने खेल खेल्न दिने, धेरै कडा नियममा नराख्ने, गाली नगर्ने र रमाइलो गर्न दिने गरेमा बालबालिकाहरू खुसी हुने डा. कुवँर बताउछन्।

**समय दिने, सुन्ने**

सामान्यतया बालबालिकालाई दैनिक कम्तीमा २/३ घण्टा समय दिनुपर्ने डा कुँवर बताउँछन्। अझै चाडपर्वमा अभिभावकहरू व्यस्त हुने हुनाले उनीहरुलाई एक्लो महसुस हुन नदिन कुरा गरिरहने, उनीहरुलाई सुन्ने, आफ्नो बच्चा कहाँ के गरिरहेको छ विचार गर्ने गर्नुपर्ने मनोविद् भट्टको भनाइ छ। यस्ता चाडपर्वमा दैनिक रुपमा घरमा आफन्तहरु आइरहन्छन्, भीडभाडमा बालबालिकालाई आफूलाई वास्ता नगरेको जस्तो महसुस गर्न दिनु हुँदैन। साथै, भीडभाडमा बालबालिकालाई हिंसा समेत हुन सक्छ। त्यसैले यी सबै कुरामा अभिभावकहरू सर्तक हुन जरुरी छ,' उनले भने ।

**घरको काम सिकाउने**

बिदाको समय बाहेक अन्य समयमा बालबालिकाले घरको काम सिक्ने समय पाइरहेका हुँदैनन्। त्यसैले बिदाको समय सदुपयोग गर्न बालबालिकालाई घरको काम सिकाउन सकिने डा कुँवर बताउँछन्। 'उनीहरुलाई करेसाबारीको काम सिकाउने, आफूले गर्ने कामहरुमा सारिक गराउने, बोट-बिरुवाको नामहरू चिनाउने जस्ता क्रियाकलापले थप ज्ञान प्राप्त गर्न सहयोग मिल्छ,' उनले भने।

**उमेर अनुसार खेलौना, कपडा किनिदिने**

चाडपर्वमा बच्चाहरुलाई नयाँ कपडा लगाउने, खेलौना किन्ने रहर हुन्छ। उनीहरुको उमेर अनुसार कपडा किन्दिने, खेलौना किन्दिनु पर्ने भट्ट बताउँछन्। जसले गर्दा बच्चाहरू खुसी हुने उनको भनाइ छ।

**व्यायाम र कसरत गर्न लगाउने**

घरमा बस्दा बालबालिकाहरू खासै शारीरिक रुपमा सक्रिय भइरहेका हुँदैनन्। यस्ता चाडपर्वमा घरमा विभिन्न किसिमका परिकार पाक्ने हुनाले बालबालिकाले चिल्लो, माछ-मासु खाइरहेका हुन्छन्। जसले उनीहरुको तौल वृद्धि हुन सक्छ र रोगहरू निम्तिन सक्छ। सोही कारण अवस्था अनुसार बालबालिकालाई व्यायाम गराउने, पौडी खेल्न लैजाने, शारीरिक व्ययाम हुने खेलहरू खेल्न लगाउने गर्दा बालबालिकाको शारीरिक स्वास्थ्य र मानसिक स्वास्थ्य दुवैलाई फाइदा हुने डा कुँवरले बताए।

**नयाँ ठाउँ घुम्न लैजाने**

सधैं विद्यालय र घर मात्रै गरिरहेका बच्चाहरुलाई बिदाको समयमा नयाँ ठाउँमा घुम्न जाने रहर हुन्छ। घुम्न जाँदा बालबालिकाको ज्ञानको दयारा बढ्छ। साथै उनीहरुलाई फ्रेस र आनन्द महसुस हुन्छ। नयाँ ठाउँमा घुम्नाले बालबालिकालाई सामाजिक हुन र नयाँ मान्छेसँग घुलमिल हुन समेत सहज हुने भट्टको भनाइ छ ।

**विद्युतीय उपकरणको प्रयोग कम गर्ने**

बिदामा अभिभावक व्यस्त हुँदा बालबालिकाहरू मोबाइल, टिभी या आइप्याडको लतमा लाग्न सक्ने हुन्छन्। घरमा एक्लै बस्दा मोबाइलमा कार्टुन हेर्ने, फिल्म हेर्ने लत लाग्न सक्छ। जसले उनीहरुको समग्र स्वास्थ्यलाई असर गर्ने डा कुँवरले बताए। त्यसैले यस्तो अवस्थामा विद्युतीय उपकरणको प्रयोग गर्नुको सट्टा बालबालिकासँग अभिभावक आफैंले खेल्ने, रमाउने गर्नुपर्ने उनको भनाइ छ ।

**मनोरन्जनात्मक कामहरू गर्ने**

यस्तो लामो बिदामा बालबालिकालाई रमाइला किताबहरू पढ्न दिने, प्रेरणायुक्त चलचित्रहरू देखाउने, कथाहरु सुन्न लगाउने र सुनाउने गर्नुपर्ने मनोविद् भट्टले बताए ।

**मन पर्ने खानेकुरा पकाउन सिकाउने**

चाडपर्व भन्ने बित्तिकै घरमा विभिन्न किसिमका खानेकुरा पाक्छन्। तर यस्तो समयमा बालबालिकालाई मन पर्ने चिजहरू पकाउने, उनीहरुको रुचि अनुसार खुवाउने गर्नाले बच्चाहरू खुसी हुन्छन्। साथै आफूले पकाउने समयमा उनीहरुलाई परिकारको नाम भन्ने, पकाउने तरिका सिकाउने गर्दा उनीहरु खुसी हुने पोषणविद् जया प्रधानले बताइन् ।

**केही कुरामा करकाप नगर्ने**

कतिपय अभिभावक आफ्ना बच्चालाई आफन्तकहाँ जान, जमघटमा उपस्थित हुन र अन्य क्रियाकलापमा सक्रिय हुन कर गर्छन्। त्यस्ता बानीले बालबालिकाको मानसिक स्वास्थ्यमा असर गर्ने भट्ट बताउँछन् ।

बच्चालाई आफूले रमाइलो लाग्ने चिज गर्न दिने र धेरै गाली गर्ने, तनाब दिने, पारिवारिक झै-झगडा गर्ने, उनीहरुको अगाडि मद्यपान या धूमपान गर्ने, हिंसा गर्ने, उनीहरुलाई हेप्ने नगर्न उनको अनुरोध छ ।

बालबालिकालाई सहज हुने वातावरण बनाएर सबै मिलेर चाडपर्व मनाउनु पर्ने डा कुँवरले बताए ।

## बाढीमा चौबीसको मृत्यु

**सिन्ह्वा**

लागोस । नाइजेरियाको उत्तरी राज्य कातिस्नामा आएको बाढीमा परेर कम्तीमा पनि २४ जनाको ज्यान गएको छ । साथै सो बाढीका कारण अरु कम्तीमा पनि १८ हजार जना विस्थापित भएका छन् ।

विस्थापितलाई विद्यालयलगायतका विभिन्न अस्थायी शिविरमा राखिएको यहाँको सरकारले जनाएको छ । यस वर्षको मनसुनी वर्षाका कारण उनीहरु विस्थापित भएका हुन् ।

नाइजेरियाको विपद् व्यवस्थापन केन्द्रले शनिबार दिएको जानकारीअनुसार यहाँको उक्त राज्यका १६ हजार छ सय २५ ओटा घरमा सो बाढीले क्षति पुऱ्याएको थियो ।

यस वर्षको मनसुनी वर्षाका कारण यहाँका कम्तीमा पनि ३४ जिल्लामा क्षति पुऱ्याएको सो केन्द्रले जनाएको छ । अहिले पनि मनसुनी वर्षा जारी नै रहेकाले सतर्कता अपनाउन यहाँका विपद् व्यवस्थापन अधिकारीहरुले सूचित गरेका छन् ।

## पाकिस्तानलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घीय महासचिवको आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरसले पाकिस्तानलाई सहयोग गर्न आग्रह गर्नुभएको छ ।

पाकिस्तानमा हालैको वर्षा र बाढीबाट ठूलो जनधनको क्षति भएकाले पाकिस्तानका लागि सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटेरसले विश्व समुदायलाई आग्रह गर्नुभएको हो ।

उहाँले पाकिस्तानको सहयोगका लागि आवश्यक पर्नेगरी एक दाता सम्मेलनको तयारीमा संयुक्त राष्ट्रसङ्घ लागेको बताउनुभयो ।

उहाँले भारी वर्षा र बाढीका कारण पाकिस्तानमा पुगेको क्षतिको मापन गरिएको, पाकिस्तानमा पुनःनिर्माण र यहाँका पीडितको पुनःस्थापनाका लागि दाताको एक सम्मेलनको आयोजना गरिने जानकारी पनि दिनुभएको हो ।

उहाँले शनिबार संयुक्त राष्ट्रसङ्घीय महासभालाई सम्बोधन गर्ने क्रममा सो कुरा बताउनुभएको हो ।

पाकिस्तानको सहयोगका लागि उहाँले संयुक्त राष्ट्रसङ्घीय महासभामा एक प्रस्ताव पनि प्रस्तुत गर्नुभएको बताइएको थियो ।



सो प्रस्तावलाई महासभाले पारित गरेको छ । सो प्रस्तावमा विश्वका विभिन्न देश तथा दातालाई पाकिस्तानको सहयोगका लागि अपिल गरिएको छ । यस वर्षको मनसुनले पाकिस्तानमा ठूलो क्षति पुऱ्याएको छ । यहाँ सो मनसुनी वर्षाले एक हजार सात सय जनाभन्दा बढीको ज्यान गएको छ भने अरु हजारौँ व्यक्ति घाइते भएका छन् ।

## महिला क्रिकेट आजदेखि गण्डकी र मधेश प्रदेश भिड्दै

कास्की । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गतका खेल आइतबार (आजदेखि) पोखरामा सुरु हुँदैछन् । प्रतियोगिताको औपचारिक उद्घाटन यही असोज २८ गते हुने भए पनि त्यसअघि नै केही खेल सञ्चालन गर्न लागिएको हो । प्रतियोगिताअन्तर्गत महिला क्रिकेट भोलि आइतबारदेखि पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदानमा सञ्चालन हुँदैछ ।

महिला क्रिकेटको उद्घाटन खेल आयोजक गण्डकी प्रदेश र मधेश प्रदेशकाबीचमा हुने कास्की जिल्ला क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो । यसैगरी आइतबारको दोस्रो खेल सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशकाबीचमा हुँदैछ ।

महिला क्रिकेटमा नौ टोलीले सहभागिता जनाएका छन् । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'क' मा आयोजक गण्डकी प्रदेशसहित सशस्त्र प्रहरीको एपिएफ, मधेस-प्रदेश, सुदूरपश्चिम र बागमती प्रदेश छन् ।

यसैगरी समूह 'ख' मा नेपाल प्रहरी, कर्णाली प्रदेश, प्रदेश नं १ र लुम्बिनी प्रदेश रहेका छन् । नवौँ राष्ट्रिय खेलकुद औपचारिकरुपमा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका आठ जिल्लामा हुँदैछ । तोकिएको मितिमा समय अपुग हुने भएकाले केही खेलअघि नै सञ्चालन गर्न लागिएको हो ।

राष्ट्रिय खेलकुदको मिति नजिकिँदै जाँदा तयारीलाई तीव्र बनाइएको छ । केही दिनयताको लगातार वर्षाले तयारीका काम प्रभावित बनाएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो ।

उहाँका अनुसार प्रतियोगिताको औपचारिक उद्घाटनलगायत अधिकांश खेलको मिति आउन अझै एक साता समय बाँकी रहेकाले खेलस्थल मर्मत, सरसफाइ र रङरोगनका काम भइरहेका छन् ।

गण्डकी प्रदेशमा ४० वर्षपछि दोस्रोपटक राष्ट्रिय खेलकुद हुँदैछ । प्रतियोगितामा देशका सात प्रदेश, तीन विभागीय टोली र एनआरएनएको एक गरी ११ टोलीले सहभागिता जनाएका छन् । पोखरासहित गण्डकी प्रदेशका आठ जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गतका ३६ मध्ये ३५ खेल हुँदैछन् । पूर्वाधार अभावमा सुटिङ खेल राजधानी काठमाडौँमा हुने तय गरिएको छ ।

अधिकांश खेलसहित प्रतियोगिताको उद्घाटन र समापन समारोह पोखरा रङ्गशालामा हुने प्रतियोगिताको खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले बताउनुभयो ।

प्रतियोगितामा तीन सय ९२ स्वर्ण, तीन सय ९२ रजत र ६०० कास्य गरी एक हजार तीन सय ८४ पदकका लागि खेलाडीकाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा गण्डकी प्रदेशबाट सर्वाधिक सात सय दुई खेलाडी सहभागी हुँदैछन् । गण्डकीले प्रतियोगिताका सबै खेलमा भाग लिएको छ ।

राखेपको प्राविधिक उपसमितिका अनुसार गण्डकी प्रदेशपछि विभागीय नेपाली सेनाका छ सय ७३ खेलाडी सहभागी हुँदैछन् । यसैगरी सशस्त्र प्रहरीको एपिएफ क्लबले पाँच सय २२, नेपाल प्रहरीले चार सय ८८ र सुदूरपश्चिम प्रदेशले प्रतियोगिताका लागि चार सय ३६ खेलाडीको नाम दर्ता गराएको छ ।

बागमती प्रदेशबाट चार सय ३०, प्रदेश नं १ बाट तीन सय ७१, मधेस प्रदेशले दुई सय ६२, कर्णाली प्रदेशले एक सय ९७, एनआरएनएले एक सय ३१ र लुम्बिनी प्रदेशबाट एक सय २३ खेलाडीले प्रतियोगितामा सहभागिता जनाएका छन् ।रासस

## जेलेन्स्कीद्वारा युक्रेनका चुनौतीहरूको रूपरेखा प्रस्तुत

**सिन्ह्वा**

कीभ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूससँगको द्वन्द्वबीच युक्रेनका लागि मुख्य चुनौतीबारे शनिबार रूपरेखा प्रस्तुत गर्नुभएको छ ।

युरोपेली परिषद्को अनौपचारिक बैठकमा भिडियो लिंकमार्फत बोल्दै जेलेन्स्कीले युक्रेनका लागि मुख्य चुनौती रूसी आक्रमणबाट आफ्नो ऊर्जा सुविधाको भौतिक सुरक्षा रहेको बताउनुभयो ।

युक्रेनलाई आफ्नो ऊर्जा पूर्वाधारमा सम्भावित आक्रमणरोक्न पर्याप्त हवाई प्रतिरक्षा प्रणालीको आवश्यकता रहेको उहाँले बताउनुभयो ।

जेलेन्स्कीले भन्नुभयो, कीभका लागि अर्को चुनौती दक्षिणी युक्रेनमा



रहेको जापोरिजिया आणविक ऊर्जा केन्द्रको असैन्यीकरण र यसको कार्यप्रणालीको पुनर्स्थापना हो ।

द्वन्द्वपछिको पुनर्निर्माण सरकारका लागि तेस्रो महत्वपूर्ण कार्य भएको उल्लेख गर्दै युक्रेनी नेताले युक्रेनको द्रूत पुनः निर्माण योजनाअन्तर्गत काम गर्न थालिसकेका देशहरूप्रति कृतज्ञता व्यक्त गर्नुभयो ।

युक्रेनको अवस्थाका साथै ऊर्जा र आर्थिक विषयमा छलफल गर्न चेक रिपब्लिकको प्रागमा युरोपेली परिषद्को अनौपचारिक बैठक शुक्रबार बसेको थियो ।

## 'इरानले रुसलाई हतियार पठाएको छैन'

**सिन्ह्वा**

तेहरान । इरानले रुसलाई हतियार नपठाएको स्पष्ट गरेको छ । इरानका विदेशमन्त्रीले सो कुरा बताउनुभएको हो ।

रुस र युक्रेनको द्वन्द्वको सङ्कटका बेलामा इरानले रुसलाई हतियार सहयोग गरेको सूचना आएको थियो । सो सूचनाको खण्डन गर्दै इरानले रुसलाई हतिपार नपठाएको इरानले स्पष्ट गरेको हो ।

इरानका विदेशमन्त्री अमिर अब्दुल्लाहिनले उहाँका फिनिस समकक्षीसँगको फोन वार्ताका क्रममा सो कुराको जानकारी गराउनुभएको हो ।

अब्दुल्लाहले आफ्ना फिनिस समकक्षी पेका हाभिस्तोसँग रुस युक्रेन युद्धका क्रममा इरानले रुसलाई हतियार दिएको छैन र आगामी दिनमा पनि इरानले रुसलाई हतियार पठाउने कुनै पनि योजना छैन भन्नुभएको इरानी विदेश मन्त्रालयले जनाएको छ ।

युक्रेनले यसअघि पनि रुसलाई इरानले हतियार पठाएको बताउँदै आएको थियो । हालैमात्र पनि युक्रेनका विदेशमन्त्रीले इरानको यो व्यवहार युक्रेनसँगको सत्रुतापूर्ण व्यवहार रहेको बताउनुभएको थियो ।

यस वर्षको सुरुआतदेखि रुसले युक्रेनमाथि हमला गर्दै आएको छ । सो हमलाको पश्चिमा देशले कडा विरोध गरेका छन् । अमेरिका, बेलायत, फ्रान्स लगायतका देशले रुसको सो कार्यको विरोध गरेका हुन् ।

## एमबाप्पे सर्वाधिक कमाउने फुटबल खेलाडी



एजेन्सी - फुटबल खेलाडीमा केलियन एमबाप्पे सर्वाधिक आम्दानी खेलाडी बनेका छन् । फोर्ब्सको पछिल्लो सुचीमा फुटबल खेलाडीमध्ये सबैभन्दा बढी आम्दानी गर्नेमा फ्रान्सेली तथा पेरिस सेन्ट जर्मेन(पिएसजी) का युवा फरवार्ड एमबाप्पे रहेका छन् ।

पछिल्लो नौं वर्षमा लियोनल मेस्सी वा क्रिस्टियानो रोनाल्डोबाहेक बढी आम्दानी गर्ने एमबाप्पे पहिलो फुटबलर बनेका छन् ।

फोर्ब्सका अनुसार २३ वर्षे एमबाप्पेको यो वर्ष आम्दानी १ सय २८ मिलियन अमेरिकी डलर रहेको छ । एमबाप्पेका पिएसजी सहकर्मी मेस्सी दोस्रो स्थानमा रहेका छन् । उनको बार्षिक आम्दानी १ सय २० मिलियन रहेको छ ।

त्यस्तै म्यानचेस्टर युनाइटेडका रोनाल्डो तेस्रो स्थानमा छन् । उनको आम्दानी एक सय मिलियन अमेरिकी डलर रहेको छ ।पिएसजीका नेयमार र लिभरपुलका मोहम्मद सलाह शीर्ष ५ मा छन् । ब्राजिलियन फरवार्ड नेयमारको आम्दानी ८७ हजार मिलियन र सलाहको ५३ मिलियन डलर छ ।

रोनाल्डो र मेस्सी भन्दा अघि सन् २०१३ मा सर्वाधिक आम्दानी गर्ने फुटबल खेलाडीमा इङ्ल्यान्ड फुटबल टोलीका पूर्व कप्तान डेभिड बेकह्याम रहेका थिए । एमबाप्पेले मेमा पिएसजीको आकर्षक तीन वर्षे नविकरण प्रस्तावमा सम्झौता गरेका थिए । त्यति बेला उनी रियल म्याड्रिड जाने चर्चा चलेको थियो । तर एमबाप्पेले अन्ततः पिएसजीमै रहने निर्णय गरे ।

फ्रान्सका लागि विश्व कप जितेका एमबाप्पेले पिएसजीका लागि ११ उपाधि जितिसकेका छन् । जसमा ४ वटा ला लिगा उपाधि छन् । उनी मोकाकोबाट सन् २०१७ मा लोनमा पिएसजी पुगेका थिए । बोरुसिया डर्टमण्डबाट यसै सिजन प्रिमियर लिग टोली म्यानचेस्टर सिटी पुगेयता १२ खेलमा १९ गोल गरिसकेका इर्लिङ हालान्ड बढी आम्दानी गर्ने खेलाडीको छैटौं स्थानमा छन् ।

बढी आम्दानी गर्ने शीर्ष १० मध्ये प्रिमियर लिगका ४ खेलाडी छन् । जसमा हालान्डसहित रोनाल्डो, सलाह र सिटीका केभिन डि ब्रुएने छन् । सर्वाधिक आम्दानी गर्ने शीर्ष १० फुटबलर मध्ये हालान्ड र एमबाप्प मात्र ३० वर्षभन्दा कम उमेरका हुन् ।

**फोर्ब्सका अनुसार यो सिजन सर्वाधिक आम्दानी गर्ने शीर्ष १० फुटबल खेलाडी**

| खेलाडी | क्लब/देश | आम्दानी डलरमा |
|---|---|---|
| केलियन एमबाप्पे | पिएसजी/फ्रान्स | १ सय २८ मिलियन |
| लियोनल मेस्सी | पिएसजी/अर्जेन्टिना | १ सय २० मिलियन |
| क्रिस्टियानो रोनाल्डो | म्यानचेस्टर युनाइटेड/ पोर्चुगल | १ सय मिलियन |
| नेयमार | पिएसजी/ब्राजिल | ८७ मिलियन |
| मोहम्मद सलाह | लिभरपुल/इजिप्ट | ५३ मिलियन |
| इर्लिङ हालान्ड | म्यानचेस्टर सिटी/नर्वे | ३९ मिलियन |
| रोर्बेट लेवान्डोवस्की | बार्सिलोना/पोल्यान्ड | ३५ मिलियन |
| इडन हाजार्ड | रियल म्याड्रिड/बेल्जियम | ३१ मिलियन |
| आन्द्रे इनियस्टा | भिसेल कोबे/स्पेन | ३० मिलियन |
| केभिन डि ब्रुएने | म्यानचेस्टर सिटी/बेल्जियम | २९ मिलियन |

## इजरायली आक्रमणमा दुई प्यालेस्टिनीको मृत्यु

**सिन्ह्वा**

रामाल्ला । उत्तर पश्चिमी किनाराको शहर जेनिनमा रहेको शरणार्थी शिविरमा इजरायली सेनाले गरेको आक्रमणमा परी दुई प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएका प्यालेस्टिनी चिकित्सक तथा प्रत्यक्षदर्शीले बताएका छन् ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, इजरायली सैनिकले घाँटीमा गोली हानेपछि महमुद अल-सौस नाम गरेका एक व्यक्तिको मृत्यु भएको थियो भने अर्का एक व्यक्तिको टाउकोमा गोली लागेको थियो । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको र उनीहरुलाई तत्काल उपचारका लागि अस्पताल पठाइएको छ ।

प्यालेस्टिनी प्रत्यक्षदर्शीका अनुसार इजरायली सेनाको एक फौजले शरणार्थी शिविरमा आक्रमण गरेको र इजरायलविरुद्ध आक्रमणमा संलग्न भएको आरोपमा इजरायली सेनाले प्यालेस्टिनीको घरमा छापा मारेको थियो ।

त्यसपछि इजरायली सैनिक र प्यालेस्टाइनी बन्दुकधारीबीच भीषण झडप भएको थियो । इजरायली सेनाका प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै प्यालेस्टाइनी इस्लामिक जिहाद आन्दोलनका एक जना प्यालेस्टिनी सदस्यलाई पक्राउ गर्न इजरायली सेना शरणार्थी शिविरमा प्रवेश गर्दा बन्दुकधारीले ती सैनिकमाथि गोली चलाएको बताउनुभएको छ ।

जेनिनका गभर्नर कमाल अबु रोबले शरणार्थी शिविरमा इजरायली सेनाले गरेको आक्रमणको निन्दा गर्दै सिन्ह्वासँग भने, 'इजरायली सेनाले हरेक दिन जानाजानी प्यालेस्टिनीहरूको घरमा आक्रमण गर्ने गरेको छ ।'

'प्यालेस्टिनी इस्लामिक रेजिस्टेन्स मुभमेन्ट (हमास)' का प्रवक्ता हजेम कासिमले एक विज्ञप्तिमार्फत भन्नुभएको छ, 'इजरायलले जेनिनमा सशस्त्र प्रतिरोधलाई पूर्ण अन्त्य गर्ने प्रयास गरिरहेको छ, तर यो सफल हुनेछैन । इजरायली सेनाले प्यालेस्टाइनी लडाकू र अधिकारकर्मीविरुद्ध सैन्य कारबाही र कारबाही तीव्र पारेपछि गत मार्चदेखि नै पश्चिमी किनारामा तनाव बढ्दै गएको छ ।'

यस बर्षको जनवरीपछि पश्चिम किनारा र पूर्वी जेरुसेलममा महिला र बालबालिकासहित १११ प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

## क्रिमियाली पुलमा भएको विस्फोटमा तीन जनाको मृत्यु

**सिन्ह्वा**

मस्को । क्रिमियाली पुलमा शनिबार बिहान भएको विस्फोटमा परी तीन जनाको मृत्यु भएको रूसी अनुसन्धान समितिले जनाएको छ ।

बिस्फोटपछि क्रिमियाली पुलको रेल र सडक दुवै भागमा यातायात स्थगित गरिएको छ । बिस्फोटका कारण केर्च स्ट्रेटमा यात्रा गर्ने क्रममा मालवाहक रेलमा आगो लागेको थियो ।

तमान प्रायद्वीपबाट आउँदै गरेको एउटा विस्फोटक पदार्थ राखिएको ट्रकमा आइतबार बिहान ६:०७ बजे क्रिमियाली पुलको सडक भागमा विस्फोट भएको थियो । बिस्फोटका कारण क्रिमियाली प्रायद्वीपतर्फ जाँदै गरेको रेलको इन्धनको सातवटा ट्याङ्कीमा आगो लागेको थियो ।



'बिष्फोटका कारण पुलको दुई भाग आंशिक रूपमा भत्किएको छ,' रूसको राष्ट्रिय आतंकवाद विरोधी समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले घटनाको कारण पत्ता लगाउन र यसको परिणामलाई छिटो सम्बोधन गर्न सरकारी अधिकारीको नेतृत्वमा अनुसन्धान समिति गठन गर्न आदेश दिनुभएको छ ।

रसियाको फेडरल एजेन्सी फर सी एण्ड इनल्याण्ड वाटर ट्रान्सपोर्टका अनुसार केर्च स्ट्रेटपार गर्ने नेभिगेसन मार्गमा कुनै अवरोध आएको छैन ।

## सेना र हुथी विद्रोहीबीचको भिडन्तमा दशको मृत्यु

**सिन्ह्वा**

एडेन । सरकार समर्थक यमनी सेना र हुथी विद्रोहीबीच शुक्रबार बिहान दक्षिणी प्रान्त लाहजमा भएको झडपमा दुबै पक्षबाट दशको मृत्यु भएको एक सैनिक अधिकारीले सिन्ह्वालाई बताएका छन् ।

हुथी विद्रोही समूहले लाहजमा सरकार समर्थक सेनाद्वारा नियन्त्रित क्षेत्रमा आक्रमण गर्न आफ्ना धेरै लडाकू पठाएका थिए । यस क्षेत्रमा धेरै घन्टासम्म झडप भएको स्थानीय सैन्य स्रोतले नाम नछाप्ने सर्तमा भनेका समाचारमा जनाइएको छ ।

सरकारी सेनाले छ जना हुथी आक्रमणकारीलाई मारेको र आफ्ना चार सैनिकलाई गुमाएका उनले थप जानकारी दिएका थिए ।

जमिनमा सैन्य प्रगति गर्न असफल भएपछि, हुथी अब विद्रोही-नियन्त्रित प्रान्त अल-बायदा नजिकैको याफेया क्षेत्र वरपरका मुख्य साइटबाट पछि हट्न बाध्य भएका स्रोतले जानकारी दिएको छ ।

## श्रीलङ्काद्वारा धान कृषकका लागि चार करोड ३० लाख अमेरिकी डलर अनुदान बिनियोजन

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्का सरकारले आगामी कृषि याममा धान खेती गर्ने किसानका लागि प्राङ्गारिक मल अनुदानका लागि १६ अर्ब श्रीलङ्काली रुपैयाँ (चार करोड ३५ लाख ९० हजार अमेरिकी डलर) विनियोजन गरेको छ ।

कृषिमन्त्री महिन्दा अमरवीराले शनिबार दिएको जानकारी अनुसार कृषकलाई खेती गर्न हौसला प्रदान गर्न सरकारले उक्त रकम बराबरको अनुदान बिनियोजन गरेको हो ।

किसानलाई उच्च गुणस्तरको प्राङ्गारिक मल उपलब्ध गराउन सरकारले कदम चाल्ने उहाँको भनाइ उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन् ।

दक्षिण एशियाली मुलुकमा अझै पनि नरहेको प्राङ्गारिक मलको गुणस्तरीय मापदण्ड बनाउन पनि मन्त्री पुनले सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

श्रीलङ्काको कृषि विभागले सन् २०२२/२३ को मौसममा धान खेतीका लागि किसानले प्रयोग गर्ने जैविक मलको ३० प्रतिशत हिस्सा सिफारिस गरेको प्रतिवेदनमा उल्लेख छ ।



**अकवरे खुर्सानीको अचार** : रामेछापमा बिक्रीका लागि राखिएको अकवरे खुर्सानीको अचार, यो अचार बेचेरै यहाँका कृषकहरुले लाखौं आम्दानी गर्ने गरेका छन्। *तस्विरः रासस*

# अकबरे खुर्सानीको अचार बेचेर लाखौँ आम्दानी

रामेछाप । रामेछाप नगरपालिकास्थित सुकाजोरका किसानले अकबरे खुर्सानीको अचार बेचेर लाखौँ आम्दानी गर्ने गरेका छन् । रामेछाप-७ मा अकबरे खुर्सानीको अचार उद्योग नै सञ्चालन गरी त्यहाँका कृषकहरूले मनग्य आम्दानी गर्ने गरेका हुन् ।

सुरुमा आफूले घरायसी प्रयोग गर्ने गरी उत्पादन सुरु गरेको भए पनि पछि गएर त्यसलाई व्यावसायिक रूपमा अचार उद्योग सुरु गरेको कृषक चुडाबहादुर कार्की बताउँनुभयो । उहाँले आफ्नो पाँच रोपनी जग्गामा दुई हजार अकबरे खुर्सानीको खेती गरेर अचार उद्योग सञ्चालन गर्नुभएको हो । उहाँले अकबरेका अलावा निबुवा, कागती, करेला, मूला, अमलालगायत विभिन्न प्रकारका कच्चापदार्थहरू जम्मा गरी अचार बनाएर बिक्री गर्ने गरेको जानकारी दिनुभयो ।

उहाँले अचार बेचेर नै वार्षिक १५ लाखसम्म आम्दानी गर्नुभएको छ । । गाउँमा सामूहिक रूपमा पनि अकबरे खुर्सानी खेती गरिएको छ । यो खुर्सानीले बेफाइदा नगर्ने भएकाले पनि गाउँका अधिकांश कृषकहरू यस खेतीतर्फ लागेका छन्, कम मेहनत र खर्चमा यो खुर्सानी उत्पादन हुने र उत्पादन भएको खुर्सानी गाउँमै खपत हुने भएपछि स्थानीयहरूको यस खेतीप्रति आकर्षण बढेको हो । अकबरे खुर्सानीको अचार को मुख्य बजार रामेछापको सदरमुकाम मन्थली, सिन्धुलीको खुर्कोट र काठमाण्डु भएको पनि कार्की बताउँछन् ।

उहाँले भन्नुभयो, "अहिले गाउँमा खुलेको अचार उद्योगले गाउँमा उत्पादन भएका जम्मै खुर्सानी खरिद गरिदिन थालेपछि गाउँले हरू अधिकांशले यसको खेती गरिरहेका छन् । आफ्नो उमेर ढल्कँदै गएको र यस पेसालाई निरन्तरता दिइयोस् भनेर गाउँका अरू कृषकहरूलाई पनि यो सीप सिकाउने गरेको छु ।"

उमेरले ६५ लागेका कार्कीको सीप र जाँगरमा कुनै कमी देखिँदैन । कहिले कोभिड र कहिले डेङ्गुको महामारीले गर्दा व्यवसायमा कमी आउने गरेको भए पनि उनी उत्साहित भएर आफ्नो कर्ममा लागिरहेका छन् । नौवटा वडा रहेको नगरपालिकामा बढी जसो खुर्सानी, अदुवा र जुनार उत्पादन हुने हुनाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा नगरपालिकाले यसलाई जुनार जोनका रूपमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।रासस

# तानसेनमा बाह्रै महिना सिताके च्याउ



तानसेन।तानसेननगरपालिका-८ मदनपोखराका कृषकहरूले बेमौसमी च्याउ उत्पादन सुरु गरेका छन् । गाउँका ६३ परिवारले सामूहिक रूपमा सिताके जातको च्याउ खेती गरेका हुन् । तीन रोपनी क्षेत्रफलमा चारवटा टनेल र एउटा चिस्यानघरमा च्याउ खेती गरेका छन् ।

समूहले बेमौसममा च्याउको उत्पादन गर्न चिस्यानघरको निर्माण गरेको छ । सिताके च्याउलाई अत्यधिक चिसो चाहिने भएकाले तापक्रम व्यवस्थापन गरी बाह्रै महिना उत्पादन बढाउन चिस्यानघरले मद्दत पुगेको च्याउ उत्पादन समूहका अध्यक्ष सन्तोष पृथीले बताउनुभयो । चिस्यानघरमा दुई हजार मुढा राख्न सक्ने क्षमताको बताइएको छ । यसबाट प्रतिदिन चार हजार केजी च्याउ उत्पादन गरिएको समूहका अध्यक्ष सन्तोष पृथीले जानकारी दिनुभयो । तानसेन नगरपालिका र हेफरप्रोजेक्ट नेपालको ६ लाख र समूहका सदस्यहरूको एक लाख २० हजारमा चिस्यानघर निर्माण भएको हो ।

गाउँका २३ महिला र ४० पुरुषले १६ लाखको लगानीमा च्याउखेती सुरु गरेका गरेका थिए । "पाँच हजार कटुसको मुडामा दुई वर्ष अगाडि बीउ राखेका थियौँ, अहिले उत्पादन सुरु भएको छ", अध्यक्ष पृथीले भन्नुभयो । कटुस जातको काठमा च्याउ फल्ने गर्दछ, डिभिजन वन कार्यालय पाल्पाको समन्वयमा सामुदायिक वनबाट काठ ल्याएर च्याउखेती गरिएको समूहका कोषाध्यक्ष गोपाल अर्यालले बताउनुभयो । सामूहिक च्याउ खेतीले स्थानीयस्तरमा रोजगारीको सृजना गरेको छ । यो च्याउ प्रतिकेजी पाँच सयदेखि आठ सयसम्म बिक्री हुन्छ । उत्पादित च्याउको बजारमा बिक्रीको समस्या नभएको अर्यालको भनाइ छ । "नजिकको बजार तानसेन र बुटवलमै खपत हुन्छ", उहाँले भन्नुभयो ।

च्याउ उत्पादनमा विषादीको प्रयोग हुँदैन । अर्ग्यानिक भएकाले बिक्री गर्न सहज छ । एउटा मुढाबाट एकदेखि दुई केजीसम्म च्याउ उत्पादन हुन्छ । बीउ राखेको मुढाले चार वर्षसम्म उत्पादन दिन्छ । 'सिताके च्याउलाई क्यान्सरविरुद्ध भन्ने गरिन्छ । यसबाट प्रशस्त मात्रामा भिटामिन 'डी' पाइन्छ ।' तानसेन नगरपालिका-८ का वडाध्यक्ष सोमनाथ अर्यालले भन्नुभयो, "सिताके च्याउको माग अधिक छ । च्याउ स्वास्थ्यका लागि फाइदाजनक छ भन्ने सबैले बुझेका छन् ।"रासस

# बेमौसमी वर्षाले लजविद्युत्, सडक र कृषिमा क्षति

गलेश्वर । विगत पाँच दिनदेखिको अविरल बेमौसमी वर्षाका कारण नेपालीको महान् चाड बडादसैं निर सिलो बनेको छ । लामो बेमौसमी वर्षाले म्याग्दीको जलविद्युत्, सडक र कृषिमा ठूलो क्षति पुगेको छ भने ग्रामीण जनजीवनसमेत अस्तव्यस्त बनेको छ ।

वर्षाका कारण ठाउँठाउँमा बाढी र पहिरो आउँदा स्थानीयवासी त्रस्त भएका छन् भने दसैं मनाउन आफन्तकोमा जाने आउने सर्वसाधारण घरभित्र नै गुम्सिएर बस्न बाध्य भएका छन् । बेमौसमी वर्षापछि आएको बाढीले जिल्लाको धौलागिरि गाउँपालिका-१ गुर्जामा रहेको ३५ किलोवाट क्षमताको इङ्लेखोला लघुजलविद्युत्को मुहान बगाएपछि विद्युत् सेवा अवरुद्ध भएको छ ।

लघुजलविद्युत् अवरुद्ध भएसँगै गुर्जामा रहेका दुई सय ६५ घरधुरी अन्धकार बनेका छन् । केन्द्रीय विद्युतको पहुँच नपुगेको र लघुजलविद्युत् अवरुद्ध बनेसँगै स्थानीयवासीले रातमा बत्ति बाल्न पाएका छैनन् भने सञ्चार सम्पर्कसमेत विच्छेद भएको धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो ।

वर्षा रोकिएपछि मात्रै बाढीले पुऱ्याएको क्षतिको यकिन हुने जनाइएको छ । म्याग्दीमा सडक सञ्जालले नजोडिएको एकमात्रै वडा गुर्जा भौगोलिकरुपमा विकट छ । चार दिनदेखिको वर्षाका कारण जिल्लाका अधिकांश सडक अवरुद्ध भएका छन् । ठाउँ ठाउँमा खसेको पहिराका कारण जिल्ला सदरमुकाम बेनीदेखि बेनी-दरबाङ र बेनी-जोमसोम सडक अवरुद्ध भएका छन् ।

जिल्लाका लेकाली क्षेत्रमा पहिलोपटक मध्य असोजमै हिमपात भएको छ । अविरल वर्षाका कारण बढेको चिसोसँगै गुर्जा गाउँको नजिकका डाँडामा शुक्रबार दिउँसोदेखि हिमपात भएको हो । असोज महिनामै हिमपात भएको यो पहिलो पटक भएको स्थानीयवासीको भनाइ छ । गाउँ आसपासका डाँडामा हिमपातले सेताम्मे भएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो ।

"गाउँ आसपासमा असोज महिनामै हिमपात भएको हामीले थाहा पाउँदासम्मकै पहिलो हो, वर्षा र हिमपातका कारण चिसो अत्यधिक बढेर जनजीवनमा असर पारेको बनाएको छ", उहाँले भन्नुभयो ।



### ग्रामीण सडक अवरुद्ध

गत बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण म्याग्दीका सम्पूर्ण ग्रामीण सडक अवरुद्ध भएपछि दसैंमा टीका लगाउन र आशिर्वाद लिन जाने आउनेको विजोग भएको छ । छाता र प्लाष्टिक ओढेर नजिकका आफन्तसँग मात्र टीका लगाएर चित्त बुझाउन बाध्य हुनुपरेको सर्वसाधारणको भनाइ छ ।

ग्रामीण सडक मात्रै होइन राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक, बेनी-दरबाङ सडकलगायत म्याग्दी जोड्ने सबै सडक अवरुद्ध छन् । चार दिनदेखिको अविरल वर्षाले दसैंका टीका लगाउन र आशिर्वाद लिन आफन्तकोमा जाने आउने सर्वसाधारणले सास्ती बेहोर्नुपरेको छ । यातायातका साधन सञ्चालन हुन नसकेपछि पैदल, छाता र प्लाष्टिक ओडेर सर्वसाधारण टीका लगाउन आफन्तकोमा जाने आउने गरेका छन् ।

वर्षाका कारण बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दी खण्डको दर्जनौं स्थानमा पहिरो गएको छ भने म्याग्दीका बेनी-भकुण्डे, बेनी-पाखापानी, बेनी-दरबाङ, बेनी-पुलाचौरलगायत एक दर्जन बढी सडक बाढी र पहिरोका कारण अवरुद्ध भएका सम्बन्धित स्थानीयतहका जनप्रतिनिधिले बताएका छन् । कतिपय स्थानमा सडक भासिएको छ ।

### मूल फुटे, खोला बढे, छहरा र झरना देखिए

मध्यअसारको लक्षण असोजको अन्तिम सातामा देखिँदा स्थानीयवासीले अचम्म मानेका छन् । असारमा पानी नपरेर कमिला हिँडेका खोला र खहरे अहिले वारपार गर्नै नसकिने गरी उर्लिएका छन् । असारमा नभएको बाढी र पहिराको त्रास असोजमा खेप्न बाध्य भएको बेनी नगरपालिका-२ का ८९ वर्षीय बेदप्रसाद उपाध्यायले बताउनुभयो । "असारमा मूल नफुटेर रोपाइँ गर्न पानीको हाहाकार भयो, अहिले पन्छाउनै नसकिने गरी पानी परेको छ, मूल फुटेका छन्", उहाँले भन्नुभयो ।

त्यसैगरी असारमा नदेखिएका झरना र छहरा असोजको अन्तिम साता देखिएका छन् । पाक्ने बेलाको धान खेत पानीले भरिएको छ भने घरभित्र समेत पानी पसेर स्थानीयवासी बस्नै नसक्ने अवस्थामा पुगेका छन् ।

### सडकमा चल्दैनन् गाडी, खोलो बग्छ

दसैंको बेला भए पनि म्याग्दीका ग्रामीण सडक सुनसान छन् । सडकमा गाडी चल्ने अवस्था छैन । खोलो बगेर सडक छियाछिया भएकाले मानिस सास्ती खेप्दै पैदलयात्रा गर्न बाध्य छन् । सदरमुकाम बेनी बजारदेखि ग्रामीण भेगमा सञ्चालित सडकको अवस्था अत्यन्त दयनीय बनेको छ । सडकमा भेल बगेको छ भने सडक लच्किएर पैदल हिँड्नसमेत समस्या भएको स्थानीय रामबहादुर विकले बताउनुभयो ।

म्याग्दीको सदरमुकाम बेनी बजारदेखि ग्रामीण क्षेत्रमा सञ्चालन हुने सात वटा सडकको अवस्था अत्यन्तै नाजुक र जीर्ण भएको छ । बेमौसमी वर्षा, बाढी पहिरो र मर्मतसम्हारको अभावमा सडकमै खोलो बग्ने गरेको छ भने सडकमै पोखरी बन्ने गरेको छ ।

बेनी-अथुङ्गे-पुलाचौर, बेनी-पाखापानी, बेनी-बगरफाँट-भकिम्ली, बेनी-हाँडेभीर-बरङ्जा, बेनी-भकुण्डेलगायत सडक दयनीय अवस्थामा छन् । प्राविधिक अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन नगरिकन जथाभावी डोजर लगाएर खनिएका सडकको अवस्था अत्यन्त दयनीय रहेको छ । यहाँका कतिपय सडकमा सामान्य पानी पर्दा पनि मोटरसाइकलसमेत गुड्न नसक्ने स्थानीयवासी राजकुमार सुवेदीले बताउनुभयो ।

बेनी-भकुण्डे सडकको अवस्था झन दयनीय रहेको सो सडकबाट दैनिक आवतजावत गर्नुहुने खबराका शोभित सापकोटाले बताउनुभयो । पर्यटकीयस्थल लम्लीहिल कटेर खबराको उकालो सुरु नहुँदै ग्रेड नमिलेको हिलाम्ये सडकमा मोटरसाइकलसमेत चलाउन नसकिने उहाँको भनाइ थियो ।

### पाक्ने बेलाको धान खेतमै ढल्दा किसान चिन्तित

म्याग्दीमा बेमौसमी वर्षा र हावाहुरीका कारण सयौं हेक्टर जमिनमा गरिएको धानबालीमा क्षति पुगेको छ । असोज १७ गते रातिदेखि अहिलेसम्म अविरलरुपमा भएको वर्षा र हावाहुरीका कारण पानीले भिजेर र हावाहुरीले धानका बोट ढलाएर धानबालीमा क्षति पुगेको स्थानीय तहका कृषि प्राविधिकले जनाएका छन् ।

पाक्नै लागेका धानको बोट हावाहुरीले ढलाएर र पानीले भिजाएर क्षति पुऱ्याएको हो । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लाभर तीन हजार आठ सय ९२ हेक्टर जमिनमा धान खेती हुन्छ । जिल्लाको लेकाली क्षेत्रमा पाकेर काट्ने बेलाको धान लगातारको वर्षाले भिजेर खेतमा नै धानको दाना झरेका कारण क्षति पुगेको छ भने तल्लो क्षेत्रमा पाक्नै लागेका धानको बोट हावाहुरीले ढलाएपछि दाना पोटिलो नहुनाका साथै खेतमा नै दाना झरेकाले उत्पादन कम हुने देखिएको छ ।

जिल्लाका रत्नेचौर, बगरफाँट, फापरखेत, गरापानी, खबरा, सीम, बाबियाचौर, पुलाचौर, अर्मन, कुहुँ, देवीस्थानलगायत ठाउँमा लगाइएको धानबालीमा क्षति पुगेको स्थानीय कृषकले बताएका छन् ।रासस

# माछा जोगाउन पोखरीमा तारबार

दमौली । तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित आँधीमूलमा रहेको माछाको विशेष महत्व छ । मन्दिर परिसरमा अवस्थित पोखरीमा खेल्ने माछा यहाँको मुख्य आकर्षण हो ।

जलदेवताको रूपमा विश्वास गरिने पोखरीको माछा मरेमा अनिवार्य रूपमा काजकिरिया गर्नुपर्ने संस्कार तथा प्रचलन रहेको बताइन्छ । पोखरीमा रहेका माछा मरेमा पूजारीले निकालेर खाल्डो खनेर अन्त्येष्टि गर्रिँदै आएको मन्दिरका पुजारी युवराज मास्के बताउनुभयो ।

मन्दिर परिसरमा रहेको माछा जोगाउनका लागि पोखरीमा तारबार गरिएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा विनियोजित बजेटबाट आँधीमूल मन्दिर रहेको नजिकको पोखरीको माछा संरक्षणका लागि तारबार गरिएको हो ।

दुई वटा पोखरीमा रहेका माछाको सुरक्षाका लागि जाली सहितको रेलिङ निर्माण गरिएको आँधीमूल धार्मिक तथा पर्यटकीय व्यवस्थापन समितिका अध्यक्ष रमेश थापा मगरले जानकारी दिनुभयो । "पोखरीमा रहेका माछा पोखरीबाट बाहिर खस्ने सम्भावना रहेको हुँदा तारजाली राखेर सुरक्षित बनाएका छौं," उहाँले भन्नुभयो ।

गण्डकी प्रदेश सरकारबाट आँधीमूलमा धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका लागि रु दुई लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । उक्त बजेटबाट वनभोजस्थलमा तीन वटा पानीको धारा र बिजुली बत्ती व्यवस्थापनका लागि मिटर बक्स व्यवस्था गरिएको थापाले जानकारी दिनुभयो । प्राचीनकालदेखि नै यहाँस्थित रुखको फेदमा आँधीमूल बाराहीको



पूजा गर्रिँदै आइएकोमा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो । परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ । जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन् ।

यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने क्रम बढ्दै गएको छ । आँधीमूल पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको छ । पृथ्वीराजमार्गबाट नजिकै रहेका कारण यस ठाउँ पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुन थालेको हो ।

यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउन सडक कालोपत्र गरिएको छ । पृथ्वीराजमार्गको सत्रसयदेखि साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ । हाल नौ सय मिटर दूरीमा कालोपत्र सम्पन्न भएको आँबुखैरेनी गाउँपालिकाले जनाएको छ ।

यसअघि कच्ची सडक हुँदा पनि आँधीमूलमा पर्यटकको भीड रहने गरेकामा सडक कालोपत्र भएपछि त्यो सङ्ख्या अझै बढ्ने विश्वास गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

आँधीमूलमा रहेको मन्दिर, २३ वटा धारा लगायतले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । आँधीमूलमा ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ । आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ ।

आँधीमूल स्थल रमणीय भएकोले पूजाअर्चनाका साथै वनभोजका लागि मानिसहरू टाढा-टाढादेखि आउने गर्छन् । यो मन्दिरमा साउन महिना र औँसी बाहेकका सबै दिनमा पूजा हुने गर्छ । आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बली दिने प्रचलन पनि रहेको छ ।

पर्यटकको चहलपहल बढ्न थालेसँगै यस ठाउँमा थप पूर्वाधार निर्माण गर्ने सोच राखिएको गाउँपालिकाले जनाएको छ । यस क्षेत्रको संरक्षण र विकासका लागि गाउँपालिकाले गत वर्ष तारबार लगाउनुका साथै हावाहुरी आउँदा र पानी परेको समयमा बस्न सहज बनाउने उद्देश्यले ट्रष्ट निर्माण गरेको छ ।

गाउँपालिकाले धार्मिक पर्यटकीय गन्तव्य आँधीमूलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागेको छ । प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् ।

आँधीमूल स्थल रमणीय भएकोले पूजाअर्चनाका साथै वनभोजका लागि मानिसहरू टाढा-टाढादेखि आउने गर्छन् । यो मन्दिरमा साउन महिना र औँसी बाहेकका सबै दिनमा पूजा हुने गर्छ । आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बली दिने प्रचलन पनि रहेको छ ।रासस

# एक सय असी घरधुरीमा खानेपानी समस्या

तनहु । गत मङ्गलबार साँझदेखि परेको अविरल बर्षाका कारण तनहुँका एक सय असी घरधुरीका करिब ५०० परिवारमा खानेपानी आपूर्ति बन्द भएको छ । व्यास नगरपालिका-७ ब्रिफ नरङ्गाफाँट खानेपानी उपभोक्ता समितिले वितरण गर्दै आएको खानेपानीको पाइप पहिराले क्षति बनाएपछि दुई दिनदेखि खानेपानी सेवा बन्द हुन पुगेको हो ।

बाढी र पहिराले खानेपानीको पाइप बगाएकाले पानी ल्याउन नसकिएको उक्त समितिले जनाएको छ । धारामा पानी नआएपछि स्थानीयबासीलाई खानेपानी जोहो गर्न कठिनाइ भएकाले जतिसक्दो चाँडो पानी ल्याउन उपभोक्ता समितिले पहल गरिरहेको समितिका सचिव गणेश वाग्लेले जानकारी दिनुभयो ।



त्यसैगरी वडा नं १ स्थित भादगाउँ करादी खिरखादी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले बितरण गर्दै आएको खानेपानीको पाइपमा पनि क्षति पुगेको छ । व्यास नगरपालिका-१३ स्थित खिरखादी मुहानको मुख्य लाइनको पाइप फुटेकोले पानी बितरणमा समस्या भएको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

उक्त समितिले व्यास नगरपालिका-१ का दुई हजार छ सय घरधुरीमा पानी बितरण गर्दै आएको थियो । लामो दूरीबाट ल्याइएको खानेपानीको पाइप हालैको अविरल बर्षाका कारण पाइपमा क्षति पुऱ्याएकाले मर्मत गरी चाँडो पानी सञ्चालन गर्ने योजना रहेको समितिका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो ।रासस

# धनुषा ४ मा एमाले-जसपा विवाद छुट्टाछुट्टै उम्मेदवारी दिने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) सँग भएको तालमेलमा विवाद देखिएको छ । सहमति विपरीत उम्मेदवार बनाउन तयारी गरेपछि विवाद देखिएको हो ।

> **शनिबार सार्वजनिक भएको एमाले–जसपा सहमति अनुसार धनुषा निर्वाचन क्षेत्र ४ एमालेको भागमा परेको छ । सो क्षेत्रमा प्रदेश सभातर्फ 'क' जसपा र 'ख' मा एमालेले पाउने सहमति पत्रमा उल्लेख गरिएको छ । तर जसपाका नेता महाजन यादवले निर्वाचन क्षेत्र ४ बाट प्रतिनिधि सभाका लागि आफूले टिकट पाइसकेको दाबी गरेका छन् ।**

शनिबार सार्वजनिक भएको एमाले-जसपा सहमति अनुसार धनुषा निर्वाचन क्षेत्र ४ एमालेको भागमा परेको छ । सो क्षेत्रमा प्रदेश सभातर्फ 'क' जसपा र 'ख' मा एमालेले पाउने सहमति पत्रमा उल्लेख गरिएको छ । तर जसपाका नेता महाजन यादवले निर्वाचन क्षेत्र ४ बाट प्रतिनिधि सभाका लागि आफूले टिकट पाइसकेको दाबी गरेका छन् ।

'पौने १२ बजे पार्टी कार्यालयबाट आफूलाई टिकटका लागि फोन आएको थियो, काठमाण्डुबाट मैले टिकट लिएर आएको छु । आइतबार उम्मेदवारी दिन्छु,'उनले भने,'सहमति विपरीत पहिला एमालेले हाम्रो भागमा परेको क्षेत्रमा उम्मेदवारी दिने तयारी गरेपछि हामीले पनि उम्मेदवारी दिने अवस्था आएको छ ।' उनले धनुषाको निर्वाचन क्षेत्र नम्बर २ र ४ मा अब मित्रवत प्रतिस्पर्धा गर्ने बताए । यो क्षेत्रको 'क' मा प्रदेश सभातर्फ जसपाले ज्ञानेन्द्र यादवलाई उम्मेदवार बनाएको छ भने 'ख' मा अहिले सम्म टुङ्गो लागेको छैन् । 'ख' मा जसपाले रामनरेश महतो र चन्देश्वर महतोको नाम राखेको छ ।

एमाले नेता संतोष यादवले पनि यो कुरालाई पुष्टि गरेका छन् । 'धनुषाको निर्वाचन क्षेत्र २ र ४ मा सहमति हुन सकेनन् । यहाँ जसपा र एमाले दुबै पार्टीको आफ्नै आफ्नै उम्मेदवार हुन्छ,'उनले भने । एमालेले निर्वाचन क्षेत्र ४ बाट रघुवीर महासेठलाई उम्मेदवार बनाएका छन् । प्रदेश सभातर्फ 'क' मा एमालेले संतोष यादव र 'ख' मा हरिनारायण महतोलाई उम्मेदवार बनाएको छ ।

अर्को गठबन्धनबाट प्रतिनिधि सभा नेपाली कांग्रेसको भागमा परेको छ । यहाँ कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव उम्मेदवार भएका छन् । प्रदेश सभा 'क' का यी सिट गठबन्धनले जसपाको भागमा राखेको थियो । तर गठबन्धनबाट जसपा अलगिएपछि अहिलेसम्म टुङ्गो लागेको छैन् । 'ख' मा नेकपा (एकीकृत समाजवादी)पार्टीको तर्फबाट शत्रुधन महतोले उम्मेदवारी दिने छन् ।

# साह विद्रोह गरी जनमतबाट उम्मेदवारी दिने

**कमलेश ठाकुर**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)सँग चुनावी तालमेलको निर्णय गरेपछि नेकपा (एमाले) धनुषामा विद्रोह भएको छ ।

तालमेलका कारण टिकट नपाएपछि धनुषा निर्वाचन क्षेत्र १ का एमाले नेता किशोरी साह (कमल)ले एमाले परित्याग गरेका छन् । उनी डा. सिके राउत नेतृत्वको जनमत पार्टी प्रवेश गर्ने तयारी गरेका छन् । सोही क्षेत्रबाट उनी आइतबार प्रतिनिधिसभातर्फ उम्मेदवारी दिने तयारीमा रहेको उनले बताए ।

किशोरी साह यसअघि निर्वाचन क्षेत्र १ को 'क' बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित थिए । साह एमाले प्रदेश कमिटी सदस्य र प्रदेशसभामा दलको प्रमुख सचेतकसमेत थिए । तर एमालेले गरेको चुनावी तालमेलपछि यो क्षेत्र जसपाको भागमा परेको छ । नेता साहले उम्मेदवार बन्न जनताको दबाब भएको कारण उम्मेदवारी दिन लागेको बताए ।

'उम्मेदवार बन्नु पर्ने शुभचिन्तक र जनताको निकै दबाब थियो,' उनले भने,'एमालेमा रहन सक्ने अवस्था नदेखेपछि पार्टी परित्याग गरेको छु ।' यी



क्षेत्र एमालेसँगको गठबन्धनमा जसपाले पाएको छ भने प्रदेशतर्फ 'क' पनि जसपा र 'ख' एमालेको भागमा परेको छ । यहाँ अब त्रिपक्षीय भीड्न्त हुने भएको छ । प्रतिनिधि सभामा जसपाले दीपक कर्कीलाई उम्मेदवार बनाउने तयारी गरेको छ भने प्रदेशतर्फ 'क' मा सुकेश्वर यादवलाई उम्मेदवार बनाउने भएको छ ।

अर्को गठबन्धनबाट यो क्षेत्र नेकपा माओवादी केन्द्रको भागमा परेको छ । यहाँ माओवादीले मातृकप्रसाद यादवलाई उम्मेदवार बनाउने लगभग निश्चितजस्तै छ । एमाले परित्याग गरी जनमत प्रवेश गर्ने तयारीमा रहेका साहले उम्मेदवारी दिदाँ यहाँ त्रिपक्षीय भीड्न्त हुनेछन् । यस क्षेत्रमा गत बैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा जनमत पार्टीले पनि राम्रै मत ल्याएको थियो ।

धनुषाको निर्वाचन क्षेत्र २ मा एमाले र जसपाबीच सहमति हुन सकेको छैन् । यहाँ दुबै पार्टीबीच मित्रवत प्रतिस्पर्धा गर्ने बताइएको छ । यहाँ प्रतिनिधि सभातर्फ असोज २७ गते एमाले प्रवेश गरेका उमाशंकर अरगरियालाई उम्मेदवार बनाउने तयारीमा छन् भने जसपाले गंगाराम यादवलाई उम्मेदवार बनाएका छन् । उमाशंकर अरगरिया लोसपा त्याग गरी एमाले प्रवेश गरेपछि गंगाराम एमाले परित्याग गरी उम्मेदवार बन्न जसपामा प्रवेश गरेका थिए । यस अघि सोही क्षेत्रबाट तत्कालीन संघीय समाजवादी पार्टीबाट अरगरिया निर्वाचित भएका थिए ।

अर्को गठबन्धनबाट यी क्षेत्र नेकपाली कांग्रेसको भागमा पर्ने देखिन्छ । यहाँ काँग्रेसले रामकृष्ण यादवलाई उम्मेदवार बनाउने भएका छन् । उनी ०७४ को निर्वाचनमा अरगरियासँग पराजित भएका थिए ।

प्रतिनिधि सभातर्फ निर्वाचन क्षेत्र ३ र ४ एमाले पाएका छन् । प्रदेशसभा तर्फ यो दुबै क्षेत्रको 'ख' एमालेको भागमा परेको छ भने 'क' जसपाको भागमा छन् । निर्वाचन क्षेत्र ३ बाट एमालले जुलीकुमारी महतो र ४ मा रघुविर महासेठलाई अगाडि सारेका छन् । निर्वाचन क्षेत्र ३ को 'क' जसपा र 'ख' एमालेको भागमा परेको छ । प्रदेश सभातर्फ जसपाले ३ 'क' मा जितेन्द्र यादव र एमालले 'ख'मा दीपेन्द्र ठाकुरलाई उम्मेदवार बनाएका छन् ।

# प्रदेशमा सार्वजनिक बिदा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आज(आइतबार) सार्वजनिक बिदा भएको छ ।

प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयले शनिबार एक सूचना जारी गर्दै इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनका अवसरमा प्रदेश भरि सार्वजनिक बिदाको निर्णय गरिएको जनाइएको छ ।

प्रदेशको प्रदेश राजपत्रमा २०७८ साल चैत १८ गते प्रकाशित सार्वजनिक बिदासम्बन्धी सूचना अनुसार पछि यकिन हुने गरी पैगम्बर मोहम्मदको जन्मदिनमा सार्वजनिक बिदा दिने व्यवस्था रहेको हुँदा मन्त्रालयको मन्त्रीस्तरको निर्णयानुसार असोज २३ गते मधेश प्रदेशभरि सार्वजनिक बिदा हुने सूचना गृह तथा सञ्चार मन्त्रालयका सूचना अधिकारी नाजो राम भगतले जनाएको छ ।

इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनका अवसरमा शुभकामनासमेत व्यक्त गरिएको छ ।

# पाँच सय ३६ मतदान केन्द्र निर्धारण

**टुडे समाचारदाता**

राजविराज । मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि जिल्लाको ४ वटै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापनासँगै चुनावी गतिविधि तीव्र बनेको छ ।

दुई दिन अघि निर्वाचन क्षेत्र नं. २ मा पर्ने राजविराजमा मुख्य निर्वाचन अधिकृत तथा क्षेत्र नं. १ को कंचनरुप नगरपालिका, क्षेत्र नं. ३ को शम्भुनाथ नगरपालिका र क्षेत्र नं. ४ को खडक नगरपालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएसँगै निर्वाचन गतिविधि तीव्र बनेको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय आफैले उद्घाटन गरेका जिल्ला अदालत सप्तरीका प्रमुख न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले अब



निर्वाचन आयोगले तयार गरेको कार्यतालिका निर्वाचन अधिकृतको कार्यालयबाट अघि बढिसकेको बताए।

उनले निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न सरोकारवाला सबैको सहयोगका लागि अपिल गरे । निष्पक्ष निर्वाचनका लागि सबैको सरोकार हुने भन्दै उनले त्यसका लागि आचारसंहिता र निर्वाचन कानूनहरुको पालना गर्नुपर्नेमा जोड दिए ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले सुरक्षा निकायका साथै सबै सरोकारवालाले निर्वाचनका समयमा भयरहित वातावरण निर्माणमा लाग्नुपर्ने बताए। सरकारले निर्वाचन आयोगको परामर्शमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन आगामी मंसिर ४ गते एकै चरणमा सम्पन्न गर्ने गरी मिति तोकेको छ ।

सप्तरीमा आगामी प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि ५ सय ३६ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकरी रमेश कुमार जोशीले जानकारी दिए ।

प्रहरी उपरीक्षक अविनारायण काफ्लेले निर्वाचनलाई भयरहित र मर्यादित बनाउन नेपाल प्रहर ी,सशस्त्र प्रहरी र सेनाको समन्वयमा एकीकृत सुरक्षा प्रणाली लागु गरिएको बताए ।

उनले यस कार्यमा सशस्त्र प्रहरी र सेनाका साथै नेपाल प्रहरीका १ हजार ६ सय ३४ तथा म्यादी प्रहरीका ३ हजार २ सय ७८ जनशक्ति परिचालन हुने जानकारी दिए ।

जिल्लामा कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता छन् । जसमध्ये २ लाख १७ हजार २ सय ८२ पुरुष, २ लाख १ हजार ७१ महिला र २१ जना अन्य मतदाता छन् ।

# शान्तिपूर्ण निर्वाचनका लागि प्रमुखसंग छलफल



**रञ्जन यादव**

कलैया ।बारामा शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउन र अचारसंहिताको पालना गराउने विषयमा कलैयामा छलफल भएको छ ।

बाराका मुख्य निर्वाचन अधिकृत पूर्णेश्वर प्रसाद उपाध्यायको अध्यक्षतामा बसेको सुरक्षा निकायको बैठकले आज हुने प्रतिनिधि सभा र प्रदेश सभा चुनावको मनोनयन दर्तालाई बारामा आचारसंहिता पालना सहित शान्तिपूर्ण ढंगले मनोनयन दर्ता गराउने विषयमा समेत छलफल भएको थियो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले बाराको ४ वटै निर्वाचन क्षेत्रमा खटाइएको निर्वाचन अधिकृतहरुको नाम समेत सार्वजनिक गरेको छ ।

क्षेत्र नम्बर -१ मा कैलाश क्षेत्री , क्षेत्र नम्बर -२ मा सुदर्शन ढकाल ,क्षेत्र नम्बर -३ मा मुख्य निर्वाचन अधिकृत पूर्णेश्वर प्रसाद उपाध्याय र क्षेत्र नम्बर -४ मा कर्ण बहादुर राई निर्वाचन अधिकृत रहेको निर्वाचन कार्यालय बाराले जनाएको छ ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर आचार्य ,जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटी , सशस्त्र प्रह्री बल ,नेपाल नं.१२ का गणका गणपती सशस्त्र प्रहरी उपरिक्षक राजेन्द्र थापा लगायत सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# स्वतन्त्रबाट प्रदेश सभा सदस्यमा उम्मेदवारी दिने केसरीको घोषणा

**राकेश यादव**

रौतहट । गौर नगरपालिका वड़ा नम्बर ५ का प्रभात केसरीले मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा 'क' बाट स्वतन्त्र रुपमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

शनिवार पत्रकार सम्मलेन गरी केसरीले स्वतन्त्र रुपमा उम्मेदवारी दिने घोषणा गरेका छन । राजनीतिक दलप्रति वितृष्णा बढ्दै गएकोले युवाहरु परिवर्तनको पक्षमा रहेको हुँदा चुनावी प्रतिस्पर्धामा उत्रिन लागेको बताए ।

बेरोजगारीको कारण देशमा गरिबी बढेको युवाहरुलाई विदेशमा जाने परिस्थति आएकोले अवको समय युवा नेतृत्वको रहेकोले सहयोग गर्न सवै युवासंग आग्रह उनले गरे ।

चुनावी दौरानमा ठूला ठूला भाषण दिने नेताहरुले आपनो स्वार्थ पूर्तिका लागि युवाहरुलाई प्रयोग गर्ने गरेको टिपण्णी गरे । उद्योग कलकारख़ानाको विकासप्रति नेताहरुको ध्यान नगइ आफ्नो स्वार्थ र परिवारवाद भित्र सीमित रहेको आलोचना समेत उनले गरे ।

केसरीले आफू निर्वाचित भए युवाहरुको विकास , रोजगारको निम्ति कार्य गर्ने प्रतिवद्धता समेत जनाए । देशमा अहिले युवा नेतृत्वको खाँचो भएकोले आगामी निर्वाचनबाट बढ़ी संख्यामा स्वतन्त्र नै विजयी हुने विश्वास व्यक्त गरे । स्थानीय तहको निर्वाचनमा स्वतंत्रबाट निर्वाचित भएको संख्यालाई हेरेर अहिले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा युवाहरु बढ़ी स्वतन्त्रबाट नै उम्मेदवारी दिने चाहना राखेका छन । नेपाल सरकारले मंसिर ४ मा घोषणा गरेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि आइतवार प्रत्यक्षतर्फ निर्वाचित हुने प्रतिनिधिहरुको लागि मनोयन पत्र दर्ता हुँदै छ ।

निर्वाचन आयोगले मनोयन पत्र दर्ताको लागि विहान १० बजे देखि बेलुकी ५ बजे सम्मको लागि समय निर्धारण गरेको छ ।

रौतहट जिल्लाको ४ बटा निर्वाचन क्षेत्र स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयमा मनोयन पत्र दर्ता हुने मुख्य निर्वाचन अधिकृतको कार्यालय गौरले जनाएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ को गौर,निर्वाचन क्षेत्र नम्बर २ को परोहा नगरपालिकाको कार्यालय,निर्वाचन क्षेत्र नम्बर ३ को कटहरिया र निर्वाचन क्षेत्र नम्बर ४ को चन्द्रनिगाहपुरमा मनोयन पत्र दर्ता हुनेछन ।

# प्रदेशका मन्त्रीहरु चुनावी आखाडामा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लाल बाबु राउत पर्सा निर्वाचन क्षेत्र १ को 'ख' बाट उम्मेदवारी दिने भएका छन् । आइतबार उनले निर्वाचन कार्यालयमा जनता समाजवादी पार्टी (जसपा)बाट उम्मेदवारी दिने भएका छन्।

उनी ०७४ को निर्वाचन पनि सोही क्षेत्रबाट विजयी भएका थिए । यस क्षेत्रबाट प्रतिनिधि सभामा पनि जसपाकै प्रदीप यादवले उम्मेदवारी दिने भएका छन् । यादव अहिले केन्द्रमा वन मन्त्री छन् । यस्तै, प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव धनुषा निर्वाचन क्षेत्र ३ को 'क'बाट उम्मेदवारी दिने भएका छन् । उनी पाँच दलीय गठबन्धनबाट कांग्रेसका उम्मेदवार छन् । यो क्षेत्रमा प्रतिनिधि सभातर्फ सहमति हुन सकेको छैन् । तर यो क्षेत्र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई दिन गठबन्धनका दलहरु लचिलो छन् । यसअघि यो क्षेत्रबाट तत्कालीन राजपाबाट राजेन्द्र महतो निर्वाचित भएका थिए ।

भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विजय कुमार यादव सिरहाको २ 'ख'बाट र राज्यमन्त्री योगेन्द्र यादव रौतहट १ को 'ख'बाट उम्मेदवार बन्न लागेको बताइएको छ । यादवद्वय जसपाबाट उम्मेदवारी दिने छन् ।

यस्तै, उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुधन महतो धनुषा ४ को 'ख'बाट उम्मेदवारी दिने भएका छन् । उनले नेकपा (एकीकृत समाजवादी) बाट पाँच दलीय गठबन्धनका उम्मेदवार हुने छन् । मधेश प्रदेशका आन्तरिक तथा गृह मन्त्री नेकपा माओवादी केन्द्रबाट महोत्तरी १ को 'ख' बाट उम्मेदवारी दिने भएका छन् ।

# धनुषालाई प्रथम राष्ट्रिय भलिवल कपको उपाधि

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिकामा



संचालित प्रथम राष्ट्रिय खुल्ला अध्यक्ष भलिवल कप प्रतियोगिताको उपाधि धनुषाले हात पारेको छ ।

शनिबार सम्पन्न अन्तिम प्रतिस्पर्धामा धनुषाले मोरङलाई पराजित गर्दै उपाधि हात पारेको छ । जितसँगै धनुषाले एक लाख नगदसहित ट्रूफि प्राप्त गरेको छ । उपविजेतामा सीमित मोरङले ५० हजार नगदसहित ट्रूफि प्राप्त गरे । वेस्ट अफ फाइभ खेलमध्ये सुरुका दुई/दुई खेल दुबै टिमले जिते पनि पाँचौं र अन्तिम संघर्षपूर्ण खेलमा धनुषाले जित निकाल्दै उपाधि हात पारेको हो ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको अध्यक्षतामा आयोजित समापन समारोहमा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, छिन्नमस्ता भगवती मन्दिरका पीठाधीश महाकान्त ठाकुर लगायतले विजेता/उपविजेता टिमलाई पुरस्कार प्रदान गरेका थिए ।

# निर्वाचन हुन नदिने मोर्चाको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरभाम । संघर्षशील मधेशी मोर्चाले मधेश प्रदेशमा निर्वाचन हुन नदिने चेतावनी दिएको छ । शनिबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी मोर्चाका संयोजक कैलाश महतोले मौजूदा मिश्रित निर्वाचन प्रणालीको सट्टा पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गरी संघ र प्रदेशको निर्वाचन गराउनुपर्ने र स्थानीय निकायको निर्वाचनलाई पार्टीविहीन/निर्दलीय बनाउनुपर्ने मागसमेत गरेका छन् ।



'देशको संशोधित अन्तरिम संविधान २०६३ कै मार्गदर्शनमा २०६४ र २०७० का संविधान सभाका निर्वाचनहरु भए पनि अन्तरिम संविधानले दिशा निर्देश गरेको मापदण्ड अनुसारको न त संविधान बन्यो, न संविधानसभाले सो अन्तरिम संविधानका मूल मुद्दाहरुलाई २०७२ को संविधानमा कुनै स्थान दियो । फलस्वरूप मधेश, पहाड र हिमाल समेतका बहुसंख्यक जाति, जनजाति, दलित, महिला, अपाङ्ग र लोपोन्मुख वर्ग र समुदायले आपत्ति जनाउँदै विद्रोहमा उत्रिए ।

२०७२ को संविधानको विरोधमा मधेशले झण्डै आधा वर्षजति आन्दोलन र जनविद्रोह जारी राख्यो, तर आन्दोलनलाई तिनै मधेशी दल, उसका नेतृत्व, नेता र कार्यकर्ताबाट अर्बौंको पेट्रोलियम पदार्थ लगायतका सामग्रीसँग साटफेर गरी सैकडौं मधेशी युवा र बालबालिका समेतको शहादतलाई बेच्ने काम गरियो । टिकापुरको थरुहट/मधेस विद्रोहलाई समेत कलंकित गरी रेशम चौधरीहरुलाई बलिको बोको बनाउने काम भयो', उनले भने ।

मधेश आन्दोलनले देश र मधेशलाई दिनुपर्ने काम बढी रहेको स-प्रमाण अन्तर्गत मधेशले माग गरेको 'सम्पूर्ण मधेश-एक स्वायत्त प्रदेश' लाई धज्जी उडाउँदै मधेशलाई ६ टुक्रामा विभाजित गरिएको उनको आरोप छ ।

त्यस्तै संविधानको रक्षा गर्ने जिम्मेवारी पाएका राष्ट्रपतिले नै पार्टीगत राजनीतिको शिकार भइ दुई/दुई चोटी प्रतिनिधि सभा विघटन गर्ने, पार्टी तोडफोडका लागि सरकार प्रमुखद्वारा नै ल्याइने अध्यादेशलाई मोहर लगाउने, सांसद अपहरण गरिरगराइएको असभ्य राजनीतिक तिकडमबाजीमा सहयोग पुर् याउने र राज्यका दुइटै सदनबाट बहुमतले पारित नागरिकता विधेयकलाई अमुक कुनै पार्टीको कठपुतली भइ पारित नगरिनुले संविधानको असफलताको मजबूत पक्षलाई उजागर गरेको महतोको आरोप छ ।

संयोजक महतोले आफूहरुको माग सम्बोधन नभए निर्वाचन प्रणाली विरुद्धको (मधेशमा निर्वाचन हुन नदिने) र आन्दोलनबाट हुन जाने परिणामहरुको कुनै पनि जिम्मेवारी आफूहरुको नहुने चेतावनीसमेत दिएका छन् ।